जनहितमा जारी

नालामा फोहरवस्तु नफाली डस्टबिन वा तोकिएको ठाउँमा फोहर फालौं ।

समर्पण सेवा संस्था

PRATEEK DAILY

# प्रतीक

दैनिक

prateekdaily.com

राष्ट्रिय 'क' वर्ग

पत्रकार आचारसंहिताको पालना गरौं, पत्रकारितालाई मर्यादित र स्वस्थ राखौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

❖ वर्ष ३४ ❖ २०७७ माघ २९ गते बिहीवार // मृत भस्म नबन्दैमा भिल्को भैकन बल्नुछ // 2021 February 11 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १६७

## वीरगंज-पथलैया व्यापारिक मार्गको अवधि ६ महीना थप

प्रस, जीतपुर, २८ माघ/

वीरगंज-पथलैया व्यापारिक मार्गको अवधि फेरि ६ महीनाको लागि थपिएको छ।

तोकिएको समयमा कार्य सम्पन्न नभएपछि योजना कार्यालय पथलैयाले ६ महीनाको म्याद थपको लागि सिफारिश गरी पठाएको र सो सदर भएर आएको बताइएको छ। व्यापारिक मार्ग विस्तार योजना वीरगंज-पथलैया ६ लेन सडक कार्यालय पथलैयाका सूचना अधिकृत इन्जिनीयर सञ्जीवकुमार गुप्ताले २०७३ असार २९ गतेदेखि योजनाको काम शुरू भएको र अहिलेसम्म ७० प्रतिशत सम्पन्न भएको बताए। दुई वर्ष अवधिमा निर्माण कार्य सम्पन्न हुनुपर्नेमा तेस्रो मधेस आन्दोलन र नाकाबन्दीका कारण प्रभावित भएको र पछिल्लो चरणमा कोरोना सङ्क्रमणले काम हुन नसकेपछि म्याद थप गरिएको उनले बताए।




३१ किलोमिटर लामो वीरगंज-पथलैया व्यापारिक मार्गको ७० प्रतिशत काम सम्पन्न भएको सूचना अधिकारी गुप्ताले बताए। अहिले थप गरिएको म्याद अन्तिम भएको पनि उनले बताए।

यसअघि पनि पटक-पटक विभिन्न कारण देखाएर व्यापारिक मार्ग निर्माण कार्यको म्याद थप हुँदै आएको छ।

पथलैयादेखि परवानीपुर भएर सुक्खा बन्दरगाह र परवानीपुरदेखि वीरगंजसम्मको ६ लेन सडक निर्माणका लागि सातवटा ठेकेदार कम्पनीले काम गर्दैछन्। ६ महीनाको म्याद थप भएपछि यो योजना २०७८ साउन मसान्तभित्र सम्पन्न गर्नुपर्ने सूचना अधिकृत गुप्ताले बताए।

## प्राविधिक विद्यालय भवनका लागि एक करोड मूल्यको जग्गादान

प्रस, महोत्तरी, २८ माघ/

महोत्तरीको गौशाला नगरपालिका-१२ मा प्राविधिक शिक्षालय भवनका लागि १० कट्ठा जग्गा निश्शुल्क दान भएको छ। गौशाला-१२ निवासी महेन्द्र लामाले शिक्षालय भवनका लागि एक करोडभन्दा बढी मूल्य पर्ने १० कट्ठा जग्गा दान गरेका हुन्।

लामा समाजसेवीका साथै पुराना वामपन्थी नेता हुन्। भवन निर्माणको शिलान्याससमेत गरिएको सो जग्गा मालपोत कार्यालय महोत्तरीबाट प्राविधिक शिक्षालय गौशालाका नाममा दर्ता पनि भइसकेको छ।

प्राविधिक शिक्षालय भवन निर्माणका लागि जग्गा प्राप्त भएर थप सहयोग पाइन थालेपछि भवन निर्माणको कामले गति लिएको छ। आफ्नै नगरपालिकाको स्रोत, प्रदेश र सङ्घीय सरकारबाट प्राप्त हुने सहयोग र शिक्षाप्रेमीबाट थप सहयोगको प्रतिबद्धताले शिक्षालय भवन चाँडै तयार हुने विश्वास जागेको नगरप्रमुख शिवनाथ महतोको भनाइ छ।

## कुर्था-जयनगर रेल भाडादर रेलवे कम्पनीले प्रस्ताव गर्‍यो

प्रस, जनकपुरधाम, २८ माघ/

कुर्था-जयनगर रेलमार्गको लागि भाडादर महँगो पर्ने भएको छ। डिलक्सको लागि ३५ किलोमिटर दूरीका लागि ३७५ रुपैयाँ प्रस्ताव गरिएको नेपाल रेलवे कम्पनीले जनाएको छ। रेल नियमित सञ्चालनको लागि सम्पूर्ण तयारी पूरा भइसकेको कम्पनीले जनाएको छ।



तस्वीरः फाइल

भाडादर कायम गरिने भएको छ। रेल सञ्चालनको तयारी अघि बढाइरहँदा नेपाल रेलवे कम्पनी लिमिटेडले भाडादर सङ्घीय भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा प्रस्ताव गरेको हो।

धनुषाको कुर्थादेखि भारतको जयनगरसम्म ३५ किलोमिटर दूरीको रेल भाडादर ७५ रुपैयाँ प्रस्ताव गरिएको कम्पनीका महाप्रबन्धक गुरु भट्टराईले जानकारी दिए। यो भाडादर बस यात्रा सरह हो।

अरू सवारीसाधन जति नै हुने गरी भाडादर प्रस्ताव गरिएको महाप्रबन्धक भट्टराईले बताएका छन्। रेलमा सामान्य र डिलक्स गरी दुई किसिमको सिटको व्यवस्था छ। सिट अनुसार भादादर पनि फरक छ। डिलक्स सिटका लागि भने भादादर महँगो छ। डिलक्समा सामान्यभन्दा चारदेखि पाँच गुणासम्म

भारतीय कम्पनी कोनकोन कम्पनीबाट केही समयमा नै संरचना जिम्मा लिइने र सोपश्चात् औपचारिक उद्घाटन गरी रेल सञ्चालनमा आउने रेलवे कम्पनीले जानकारी गराएको छ।

भारत सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा निर्माण भएको कुर्था-जनकपुर रेलमार्ग सञ्चालनका लागि गएको असोज २ गते नै दुई सेट डेमो रेल जनकपुर आइसकेको छ। उक्त रेलमा एक हजार दुई सयदेखि एक हजार तीन सयजनासम्म यात्रु बसेर र उभिएर यात्रा गर्न सकिने रेल विभागका प्राविधिकले बताएका छन्।

## छोटकरी

### घोडासहनमा भारी मात्रामा घडी बरामद

प्रस, सिम्रौनगढ, २८ माघ/

बाराको सिम्रौनगढ सीमावर्ती भारतको घोडासहन बिर्ताचोकनिर प्रहरीले छापामारी गरी भारी मात्रामा चोरीको घडी बरामद गरेको छ।

सो छापामारी घोडासहन प्रहरी र गुजरात अहमदाबादको प्रहरीले संयुक्तरूपले गरी राडो कम्पनीको २५ लाख रुपैयाँबराबरको घडी बरामद गरेको छ।

सो घडी २४ जनवरीको राति गुजरातको अहमदाबाद शहरको एउटा घडी शोरूमबाट सटर तोडेर चोरी भएको थियो।

यस सम्बन्धमा घोडासहनबाट सटरतोडवा गिरोहका एकजना सदस्यलाई प्रहरीले पक्राउ गरेको थियो।

पक्राउ पर्नेमा घोडासहनका रोहित सिंह रहेको घोडासहनका राहुल कुमारले जानकारी दिएका छन्।

## परम्परागत घुर बाल्ने शैली लोप हुँदै

रामेश्वर मेहता, सिम्रौनगढ, २८ माघ/


पर्सा, बारा, रौतहट, सर्लाहीसमेत मधेसका गाउँहरूमा जाडोयाममा घुर लगाउने प्रथा अहिले बिस्तारै लोप हुँदैछ। खासगरी मधेसी र थारू समुदायका मानिसले आआफ्नो दैलो र घारी (अतिथि गृह)मा सानो-ठूलो क्षमता अनुसारको घुर लगाउने गर्दथे।

चार दशकअगाडिदेखि यो परम्परा चल्दै आए पनि अहिले लोप हुँदै गएको छ। घुरको क्षमता अनुसार ससाना वा सिङ्गो गोलाकारको लामो बिठा (बस्ने सामान) बनाइ घुरनजीक बसेर ताप्ने गरिन्थ्यो। असोजदेखि कात्तिकसम्म साइत हेरेर जमीनमा खाल्डो बनाएर घुर खनिन्थ्यो र लिपपोत गरेर, धुप, अगरबत्तीले पूजा गरी घुर लगाउने कार्य शुरू गरिन्थ्यो। यसरी लगाइएको घुर चैतको पहिलो सातासम्म राखिन्थ्यो।

यसबीच घुरको करसी (घुर बाल्ने सामग्रीहरू) उखुको पगार, गोबरको गुइँठा, बाख्राको मल, तोरी-सरसोको तिलाठी, धानको भुसा, मकैको घोघा, बाख्रा, गोरु, भैंसीको लथेर घुर बाल्न प्रयोग गरिन्थ्यो। सिम्रौनगढ नगरपालिका-२ अमृतगंजका वृद्ध जलधारी मुखिया बिनले घुर बाल्ने क्रममा रमाइलो हुने गरेको अनुभव सुनाए। उनले बिहान तीन-चार बजे उठेर घुर ताप्दै बूढापाकाले गीत पराती गाउँदा बिहान भएको चाल पाउने गरेको बताए। घुरमा बसेर कथा सुन्ने, गीत गाउने र टोल-छिमेकको परपञ्चायती पनि हुन्थ्यो। तर बदलिंदो समयसँगै घुरको विकल्पमा विभिन्न विद्युतीय उपकरणको प्रयोग बढेकाले घुरको प्रयोग अहिले कम हुँदै लोपोन्मुख अवस्थामा छ।


सिम्रौनगढमा घुर ताप्दै बुजुर्गहरू। तस्वीरः प्रतीक

अहिले घरमैं बसेर विद्युतीय हिटरको प्रयोग गरी टिभी हेर्ने, मोबाइल चलाउने, एफएम सुन्ने र सम्भव भएसम्म पत्रपत्रिका पढ्ने गरिन्छ। घुर बालेर असावधानी देखाउँदा आगलागीका घटना भई धनसम्पत्तिको क्षति हुने गरेका कारण र विद्युतीय उपकरणको प्रयोग बढेपछि अहिले घुर बाल्ने क्रम गाउँबाट हराउन थालेको हो।



**असल प्रेरणा दिएर कसैको मार्गदर्शन गर्नु पनि एक किसिमको सेवा हो ।**

**-विचारसार एवं सूक्तिहरू**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| प्रबन्ध सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति टोल, श्रीपुर, वीरगंज-१४ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# सवाल महिला शिक्षाको

**महिला शिक्षा आवश्यक छ भन्ने कुरा सबैले स्वीकार गर्छन्, तर महिला शिक्षाका लागि आवश्यक वातावरण निर्माण गर्न कोही अघि सर्दैन । सरकारले त विश्व जनमतको दबाबका कारण महिला शिक्षालाई प्राथमिकतामा राखेको छ, तर विद्यालयहरूलाई महिलामैत्री बनाउने सोच प्राथमिकतामा पर्न सकेको छैन । मानिसलाई बाँच्नका लागि जसरी आहार, निद्रा...को आवश्यकता हुन्छ, त्यसैगरी स्वस्थ रहनका लागि प्राकृतिक दबाब (दिसा–पिसाब) विसर्जन अझ बढी आवश्यक हुन्छ । तर हाम्रा अधिसङ्ख्य विद्यालयहरूमा शौचालयको अवस्था महिलामैत्री त के पुरुषमैत्री पनि छैन। जहाँ शौचालय छ, त्यसको अव्यवस्था र सरसफाइको कमीले विद्यार्थीहरू विद्यालय वरिपरि बसेर कक्षा कोठासम्म दुर्गन्धित पारिदिएका हुन्छन्। जहाँ शौचालय नै छैन, त्यो अवस्था झन् विडम्बनापूर्ण हुन्छ । विद्यालयमा शौचालयको दुर्दशा पर्सा जिल्लामा मात्र होइन, जस्तो समाचार आएको छ, यो देशभरिका विद्यालयहरूको कथा हो। अनि कसरी हामीले महिला शिक्षालाई निरन्तरता दिन सक्छौं, दिए पनि उनका मनबाट प्रकृति र सरकारले दिएको विभेदको भाव हटाउन सक्छौं ?**

**महिला र पुरुष समान हुन् भन्ने कुरा मानव अधिकारको सवाल हो । जैविकरूपमा निश्चय नै भेद छ। जसको शमन सरकार, विद्यालय र समाज सबैले गर्नुपर्छ। प्रदेश २ ले अरू प्रदेशभन्दा केही फरक सोच राखेर महिला शिक्षालाई दिगो बनाउन खोजेको थियो, तर आफ्नै प्रतिबद्धताबाट हट्न लागेजस्तो छ, जसले निश्चय नै 'अरूको घर जाने छोरी' पढाएर के हुन्छ भन्ने नकारात्मक भावना परिपुष्ट हुन्छ । अर्को ठूलो समस्या छात्राको सुरक्षाको पनि छ । एकलास बाटो भई घर फर्कने क्रममा भागरथी भट्टले भोगेको हविगतले अभिभावकहरूलाई दच्काउने मात्र काम गर्छ । मूल समस्यामा ध्यान नदिए छात्राहरूलाई हौस्याउने नाममा सांसदहरूबीच साइकल बाँड्ने प्रतिस्पर्धा चल्छ। भएकालाई थपीथपी साइकल दिइन्छ, तर छात्राहरू किन निरन्तर विद्यालय जान सकिरहेका छैनन् भन्ने कुरामा कसैको ध्यान जाँदैन । एजनाले साइकल दिऊन्, अर्काले शौचालय बनाइदिऊन्, तेस्रोले धारा हालिदिऊन्, चौथोले विद्यालय सफाइ कर्मचारी नियुक्त गरिदिने हो भने अधिकांश छात्रा विद्यालयमा पुग्छन्। यसबाट प्रस्टिन्छ, साइकल बाँड्नेहरूले महिला शिक्षालाई प्राथमिकता दिएका होइनन्, आफ्नो कुनै राजनीतिक अभीष्ट पूरा गर्न खोजेका हुन् अन्यथा अरूथरी सहयोग गर्न तत्पर हुन्थे नै ।**

**पहिले सोच्नुपर्छ, पछि बोल्नुपर्छ र बोलिसकेपछि त्यसको कार्यान्वयनमा अघि बढ्नुपर्छ। कार्यान्वयन भयो भनेर खुशी मनाउनुमात्रले समस्या समाधान हुँदैन, अपितु कार्यान्वयन सही र चाहिने आवश्यकता पूर्तिका लागि लक्षित छ कि छैन भन्ने कुराको सबैभन्दा पहिले हेक्का राख्नुपर्छ। यस्ता कार्यान्वयन विडम्बनाले भरिपूर्ण देखिन्छन् । कहीं विद्यार्थीलाई पढाउने शिक्षकको अभाव हुन्छ भने कहीं शिक्षकले पढाउन विद्यार्थी पाएका हुँदैनन्। विपन्न क्षेत्रका विद्यालयमा पिउनले पढाइरहेका हुन्छन्, सम्पन्न क्षेत्रमा विद्यालय नै नभएको ठाउँमा शिक्षक दरबन्दी देखिन्छ । यस्तोमा छात्रलाई त आफ्नो अध्ययन जारी राख्न रुचि हुँदैन भने करबल र लोकलाजले छोरीलाई पढाउने समाजमा कसरी एउटी चेलीले यथेष्ट शिक्षा हासिल गर्न सक्छे ? यस विषयमा अब पालिकाहरूले जिम्मेवारी महसूस गर्नुपर्छ। नागरिक समाजसँग छलफल गरेर विद्यालयलाई महिलामैत्री मात्र होइन, मानवमैत्री बनाउनुपर्छ ।**

# विज्ञान र महिलाको पहुँचको अवस्था

स्वतन्त्र विचार



सञ्जय साह मित्र
mitrasanjay41@gmail.com

**विज्ञानमा महिलाको पहुँच कम भयो र यसलाई बढाउनु उचित हुन्छ भन्ने कुरा बुझेका व्यक्ति तथा संस्था वा निकायले पनि विज्ञानमा महिलाको पहुँच विस्तारका लागि सकारात्मक काम गर्नुपरेको छ । यदि यस प्रकारको काम गर्न सकियो भने महिलाहरू अगाडि बढ्नेछन् ।**

विज्ञान र अध्यात्म एक अर्काका पूरक हुन् भनिन्छ। यो एउटा सम्मानित बहसको विषय हो। अध्यात्म पनि विज्ञान हो भनी मान्ने विद्वान्हरूको सङ्ख्या कम छैन ।

महिला बढी अन्धविश्वासी हुन्छन् भन्नेहरू पनि छन् । वास्तवमा विचार गर्ने हो भने अन्धविश्वासी हुन महिला वा पुरुष हुनुपर्दैन । अन्धविश्वासी जो पनि हुन सक्छ। महिलामाथि आरोप लगाइनु गलत कुरा हो ।

अन्धविश्वास भनेको आँखा चिम्लेर गरिने विश्वास हो। वैज्ञानिक पुष्टि नभई विश्वास गरिएका कुरा सामान्यतया अन्धविश्वास हुन्, तर विज्ञानलाई पनि अन्धविश्वास मान्नेहरू छन् । कतिपय वैज्ञानिक खोज, अनुसन्धान वा धारणा कालान्तरमा परिवर्तन भएका छन्। कुनै एक धारणालाई अर्को वैज्ञानिक धारणाले विस्थापित नगर्दासम्म मान्नु वा विज्ञानसम्मत छ भनेर जे पनि मान्नुलाई पनि अन्धविश्वास भनेको हुनुपर्छ ।

विज्ञानको पहुँच अझै धेरै क्षेत्रमा हुन सकेको छैन। जति धेरै आविष्कार भए पनि, विज्ञानले जति धेरै चमत्कार गरे पनि र विज्ञानको उचाइ तथा महत्त्व जति धेरै बढे पनि वा संसारका हरेक तहका नागरिकले विज्ञानको सर्वोच्चता स्वीकार गरे पनि अहिलेसम्म विपन्नतासित विज्ञान गाँसिन सकेको छैन। हजारौं मानिसको ठाउँमा एउटा मेशिनले काम गर्न सक्छ तर विपन्नहरू भने अझै पनि भोकभोकै बस्न बाध्य छन्। बर्सेनि कैयौं मानिस भोकै मर्न बाध्य छन् । भोक अन्धविश्वास कि विज्ञान भन्ने कुरोमा पनि बहस गर्न सकिन्छ ।

विज्ञानको पहुँचमा महिलाको स्थिति के छ ? हुन त गरीबीले महिला र पुरुष केही देख्दैन। अशिक्षा र अन्धविश्वासले कसैलाई छुटयाउँदैन । यस मानेमा महिलाको पहुँच विज्ञानमा कत्तिको छ भन्ने सवाल पनि अधूरो हुन सक्दछ तर समाज अध्ययन गर्दा अनेक दृष्टिकोण अख्तियार गर्न सकिन्छ। महिलाको पहुँच विज्ञानमा कत्तिको छ भन्ने दृष्टिकोणले पनि समाजको अध्ययन हुनु आवश्यक छ।

हाम्रो सामाजिक यथार्थ यो छ कि धेरै मानिस विज्ञानको पहुँचबाट टाढा छन् । विज्ञानले गरेका चमत्कारको कतिपय उपभोग नै हाम्रो समाजको पहुँचबाट टाढा छ । मुख्यगरी हुनेखाने वर्गको वैज्ञानिक आविष्कारमाथि पहुँच रहेको छ । स्वाभाविक हो, हुँदा खाने वर्गको पहुँच कम हुँदा महिलाको पनि पहुाच कम हुन पुग्छ । महिलामाथि विपन्नताको बढी प्रभाव पर्ने स्वाभाविकतालाई अस्वीकार गर्न सकिन्न।

पुरुषको तुलनामा हाम्रो समाजमा महिलाहरू शिक्षामा पछाडि छन् । सम्पत्तिमाथि महिलाको अधिकार अझै पनि कम देखिन्छ । घरायसी तथा पारिवारिक निर्णयमा महिलाको पहुँच कम छ । कतिपय महिलाले आर्थिक उपार्जनमा परिवारमा मुख्य योगदान दिइरहेका छन् तर त्यही आर्जन खर्च गर्न तिनै महिलाको पहुँच छैन । महिलाले आफ्नै कमाइ खर्च गर्न पतिको स्वीकृति लिनुपर्दछ। सामाजिक निर्णयमा महिलाको पहुँच निकै धेरै कम रहेको देखिन्छ । नीति निर्माणको तहमा महिलाहरू पुगेका छन् तर कतिपय अवस्थामा आलङ्कारिक पदजस्तो हुन पुगेको धेरै पालिकाका उपप्रमुखमा रहेका महिलाहरूले गर्ने गरेको अभिव्यक्तिबाट स्पष्ट हुन्छ । समावेशिताको सिद्धान्त अनुसार महिलाको पहुँच बिस्तारै सार्वजनिक जीवनका धेरै क्षेत्र तथा नोकरीमा पुग्दै गएको छ तर महिलालाई अझै पनि आफ्नो कार्य क्षमता र दक्षता अनुसार काम गर्ने वातावरण बनिसकेको पाइँदैन। साँच्चै हाम्रा सरकारी तथा गैरसरकारी कार्यालयहरूको कार्यालय प्रमुख तथा सहायक प्रमुखहरूको अध्ययन गऱ्यौं भने महिलाको उपस्थिति कति प्रतिशतमा सीमित रहेको देखिन्छ त ? यी र यस्ता कुराले पनि विज्ञानमा महिलाको पहुँचलाई प्रभावित पार्दछ भन्ने कुरो स्पष्ट हुन्छ।

विज्ञानको क्षेत्रमा महिलाको पहुँच कति छ भन्ने प्रश्नले महिलाको पहुँच विज्ञानको क्षेत्रमा बढाउन पनि सोच्नुपर्दछ। यदि विज्ञानमा महिलाको पहुँचको इतिहास हेर्ने हो भने विश्वमा महिलाले पनि धेरै आविष्कार गरेका छन् । महिलाले विज्ञानतर्फको नोबेल पुरस्कार पनि प्राप्त गरेका छन्। छिमेकी देश भारतमा पनि महिला वैज्ञानिकहरूले सम्मानजनक काम गरेका छन्। अहिले पनि गरिरहेका छन् । केही वर्ष पहिले नेपालका महिला वैज्ञानिकले अमेरिकामा निकै सम्मान पाएको खबर पनि आएको थियो। नासामा नेपाली महिला वैज्ञानिक कार्यरत छन् भन्ने खबर आएको थियो। नेपाली महिला वैज्ञानिक पनि छन्।

विज्ञानका अनेक शाखा छन्। तीमध्ये मौसम विज्ञान शाखामा पनि महिलाहरू कार्यरत छन्। सञ्चार माध्यमहरूले पनि नेपाली महिला वैज्ञानिकको कुरालाई निकै सम्मानका साथ स्थान दिएको पाइन्छ।

विज्ञानमा महिलाको पहुँच कसरी विस्तार गर्ने ? यस प्रश्नको उत्तर खोज्ने हो भने सबैभन्दा पहिले महिलाप्रतिको सामाजिक दृष्टिकोणमा नै विचार गर्नुपर्ने हुन्छ । अहिले पनि छोरीलाई अर्काको घर जाने व्यक्ति भन्ने धारणा विद्यमान छ । यसले गर्दा बालविवाह भइरहेको छ। छोरीलाई बालविवाह र अर्काको घर जाने भन्ने कुराहरूले निकै पछाडि पारिरहेको छ । समानताको पहुँचमा महिला पुग्न अझ समाजले धेरै लामो यात्रा तय गर्न बाँकी छ। यसको अर्थ यो पनि होइन कि महिलालाई अगाडि बढाउन वा पछाडि पार्न महिलाको भूमिका छैन। जे जस्तो अवस्था र परिस्थितिमा जसलाई अगाडि बढ्नुपर्ने हुन्छ, सङ्घर्ष त उसैले गर्नुपर्छ। यदि महिलाको पहुँच विज्ञानको क्षेत्रमा बढोस् भन्ने चाहना समाजले राख्दछ भने महिला अगाडि बढ्ने कुरामा विश्वास गर्न सकिन्छ तर फेरि महिलाको पनि आफ्नो चाहना हुनुपर्दछ । जसरी सबै मानिसको रुचि, स्वभाव तथा दक्षता र क्षमता एक समान हुँदैन, त्यसरी नै सबै महिलाले चाहना राख्दैमा विज्ञानमा पहुँच भइहाल्ने हुँदैन । महिलाको पहुँच वृद्धिका लागि महिलाको सक्रियताका साथै त्यस अनुकूल प्रतिभावान महिलाले वातावरण पाउनुपर्ने र प्रतिभावान महिलामा उत्कट अभिलाषा हुनुपर्छ।

घरायसी कामलाई नै सर्वोपरि ठान्ने प्रवृत्तिविरुद्ध पनि महिलाले सङ्घर्ष गर्नुपर्ने हुन्छ। घरायसी काममा अल्झेर महिलाले आफ्नो जीवनको वास्तविकता यत्ति हो भन्ने सोच्नुहुँदैन। सबै व्यवहार सम्हालेर पनि धेरै महिला जीवनमा निकै अगाडि बढेका छन् । धेरै पुरुषको सङ्घर्षको गाथा पनि अपत्यारिलो हुन्छ। महिलाको परिश्रम र सङ्घर्षले त झन् धेरैलाई प्रेरणा दिन्छ। एकैचोटि पूरै विद्रोह गरेर अगाडि बढ्न खोज्दा सफल भइन्छ भन्ने हुँदैन। यसर्थ जुन महिलाको रुचि विज्ञानमा छ, तिनले अध्ययनको समयमा नै यही विषय रोज्नुपर्दछ । विद्यालय तहमा विज्ञानमा राम्रो गर्दै गरेका छात्रालाई विज्ञान विषय लिएर नै अगाडिको पढाइ जारी राख्ने वातावरण समाजले मिलाउन आवश्यक छ । यसैगरी यस्ता छात्राले पनि सकेसम्म विज्ञान विषयमैं राम्रो गर्न सक्छु भन्ने कुरामा अभिभावकलाई विश्वस्त बनाउनुपर्छ । कतिपय अभिभावकले आफ्ना भावना र इच्छा छोराछोरीमाथि थोपरिरहेका हुन्छन्। यदि यस्तो भएको छ भने सकेसम्म आफ्ना अभिभावकलाई बुझाउन सक्नुपर्दछ। यसैगरी भविष्यमा विज्ञानको फलानो क्षेत्रमा केही गर्ने चाहना राखेको छु भन्ने कुरा पनि अभिभावकलाई प्रसङ्ग र सन्दर्भ मिलाएर भनिरहनुपर्छ । आफ्नो रुचि रहेको विज्ञान तथा प्रविधिको क्षेत्रमा देश र दुनियाँमा भइरहेका प्रगतिका अपडेट प्रसङ्ग र सन्दर्भ मिलाएर अभिभावकलाई सुनाउनुपर्दछ र त्यस विषयमा आफ्ना तर्क पनि प्रस्तुत गर्दै जानुपर्दछ । यसले गर्दा बिस्तारै अभिभावकको रुचि बदलिन सक्छ। समाज यस्तो बन्दै गइरहेको छ कि बालबच्चाको चाहना अनुसार शिक्षा दिनुपर्छ भन्ने सोचले सार्थकता पाउँदैछ। यसमा अभिभावकको क्षमता र उसको शैक्षिक तथा पारिवारिक पृष्ठभूमिले पनि काम गरेको हुन्छ भन्ने कुरा यहाँ स्मरणीय छ।

शिक्षाप्रति समाजको दृष्टिकोण अहिले बदलिंदो अवस्थामा छ । अहिले शिक्षालयमा विद्यार्थी र शिक्षक दुवै महिला र पुरुष देख्न सकिन्छ । केही दशक पहिलेभन्दा अहिलेको दृश्य बदलिएको छ । शिक्षित परिवारले आफ्ना छोराछोरीको पढाइमा सकेसम्म विभेद गर्न खोज्दैनन्। शिक्षित परिवार वा शिक्षाको महत्त्व बुझेको परिवारले छोरीलाई पनि तिनको रुचि र क्षमता अनुसार शिक्षा दिन खोजिरहेका छन्। यस्तो परिस्थितिमा पढ्न चाहनेको रुचि पनि विज्ञानमा हुनु आवश्यक छ । अहिलेको समयमा छात्राले पनि आफूलाई अब्बल साबित गर्न विज्ञानका विभिन्न क्षेत्रलाई अध्ययन र भविष्यको प्रगतिको क्षेत्र बनाउनुपरेको छ।

विज्ञानमा महिलाको पहुँच कम भयो र यसलाई बढाउनु उचित हुन्छ भन्ने कुरा बुझेका व्यक्ति तथा संस्था वा निकायले पनि विज्ञानमा महिलाको पहुँच विस्तारका लागि सकारात्मक काम गर्नु परेको छ। यदि यस प्रकारको काम गर्न सकियो भने महिलाहरू अगाडि बढ्ने छन्। महिलाहरू हरेक क्षेत्रमा अगाडि बढ्न सके समाज वास्तविक अर्थमा अगाडि बढ्छ भन्ने कुरो धेरैले बुझेका छन्। अब यसलाई व्यवहारमा उतार्न सक्नेले सकारात्मक भूमिका खेल्नुपर्छ।

## फेरि पश्चिमी वायुको प्रभावः वर्षाको सम्भावना कमै

काठमाडौं, २८ माघ/रासस

पश्चिमी वायुको प्रभावले बुधवार देशभर आंशिकदेखि सामान्य बदली भएको छ । हिजो बेलुकादेखि देशको पश्चिमी भूभाग हुँदै प्रवेश गरेको वायुको प्रभावले देशभर आंशिकदेखि सामान्य बदली रही पहाडी भूभागका केही स्थानमा हल्का वर्षा र उच्च पहाडी तथा हिमाली भूभागमा हल्का हिमपात भएको छ।

यस प्रणालीको प्रभावले वर्षाको सम्भावना भने कमै रहेको मौसमविद् निराजन सापकोटाले बताए । "उक्त प्रणालीमा जलवाष्पयुक्त हावा कम भएकाले वर्षा हुने सम्भावना कम रहेको हो," उनले भने, "हिउँदयाममा १४ मिलिलिटर वर्षा हुनुपर्नेमा हालसम्म १.३ मिलिलिटर मात्र वर्षा भएको छ ।" यसअघि गत बिहीवारदेखि शनिवारसम्म प्रभाव रहेको पश्चिमी वायु त्यति शक्तिशाली नभएकाले कमजोर किसिमको मौसमी प्रणाली आज साँझबाटै हटेको महाशाखाका वरिष्ठ मौसमविद् सापकोटाले बताए।

मौसमविद्का अनुसार अझै केही दिन ठूलो वर्षाको सम्भावना रहेको छैन। सो प्रणालीको प्रभाव साँझपखबाट हटेर गएको विभागले जनाएको छ । उच्च पहाडी तथा हिमाली भूभागमा हल्कादेखि मध्यम हिमपातको सम्भावना र तराईका केही भूभागमा बिहानपख हुस्सु/कुहिरो लाग्न सक्ने हुँदा चीसो अझै रहिरहने देखिएकाले आवश्यक सतर्कता अपनाउन सबैमा अनुरोध गरिएको छ।

हाल देशको सुदूरपश्चिम, कर्णाली, लुम्बिनी, गण्डकी, प्रदेश नं १ तथा वाग्मती प्रदेशका पहाडी भूभागमा आंशिकदेखि सामान्य बदली रही बाँकी स्थानमा मौसम सामान्यतया सफा रहेको छ। दिउँसो देशभर आंशिकदेखि सामान्य बदली रही पहाडी भूभागमा थोरै स्थानमा हल्का वर्षाको सम्भावना रहनुका साथै हिमाली भूभागमा हल्कादेखि मध्यम हिमपातको सम्भावना रहेको छ ।

(बाँकी पाँचौं पातामा)

## सवाल विरासतको

पाठक प्रतिक्रिया

२७ गते प्रतीकमा कुनै पनि लेख पाइएन। सम्पादकीय 'नबुझिएको कुरा' पढेर अमेरिकाको एउटा प्रसङ्ग याद आयो । केनेडीको हत्या भयो। कलेजका विद्यार्थीले सोधेछन्- भोलि त आउनुपर्दैन होला, सर ? केनेडीको हत्या भएकोले कलेज बन्द हुन्छ, हैन र ? प्रोफेसरले विद्यार्थीलाई झपारे- संस्था किन बन्द हुने ? राष्ट्रपति आउँछन्- जान्छन्, त्यसले संस्था किन बन्द हुने ? कल्पना गर्नुस्, त्यहाँ र यहाँको व्यवस्थाको अन्तर। त्यहाँ सबै काममा व्यस्त हुन्छन्। एक ठाउँको गतिविधिले अर्को ठाउँको गतिविधिलाई छुँदैन ।

यहाँ त सबै नेपाली पञ्च र सबै पञ्च नेपाली हुन् । राजा महेन्द्रले भने, वीरेन्द्रले भने र अब ओली भन्दैछन्। सत्तामा जो आए पनि कर्मचारीले गर्नुपर्ने काम उही हो । कुनै सत्ता आए पनि कर्मचारीतन्त्रको थिति बदलिनु नपर्ने हो। तर बदलिन्छ, सबै पञ्च वा नेता भएपछि। सबैको नेता र व्यवस्थासित लेनादेना छ। जसरी बजेट भाषणपछि व्यापारीले मालको दाम बढाउँछ, त्यस्तै सत्ता परिवर्तनपछि कर्मचारीले आफ्नो भाउ बढाउँछ । कसैको शान बढ्छ, कसैको मुख निन्याउरो हुन्छ। अपराधी छुट्छ, नयाँ अपराधी भर्ती हुन्छ। निर्मला हत्याकाण्ड मर्छ, भागरथी काण्ड जन्मन्छ। नागरिक समाज यस्तो कुरामा र भ्रष्टाचारमा बोल्दैन ।

नागरिक समाजले सतत् खबरदारी गर्ने हो । ७० वर्ष भयो लड्दा–लड्दै । थाकिसके सबै। पत्यार गरेकैबाट जब धोका हुन्छ, तब कसको भरोसा गर्ने ?

सम्पादकज्यूले उठाएको प्रश्न त ७० वर्षदेखिको हाम्रो बानी हो । राणाहरूले जे गरे, महेन्द्रले पनि त्यही गरे । यो त विकसित विरासतको नमूना हो ।

**डा शिवशङ्कर यादव, छपकैया, वीरगंज**

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# लाउड स्पिकरको कोलाहलले कसैले सुनेनन् कान्तिदेवीको चित्कार

राधेश्याम पटेल, परवानीपुर, २७ माघ/

बारा महागढीमाई नगरपालिका वडा नं १ बरियारपुर (मठवा) टोलका १९ वर्षीय अजय कुशवाहा काठमाडौंमा एचएको तेस्रो वर्षमा अध्ययनरत छन् । उनी भर्खरै अन्तिम वर्षको परीक्षा सकाएर एउटा निजी क्लिनिकमा काम गर्न सोचमा पुगेका थिए । कुरा पनि फाइनल भइसकेको थियो, सोमवारदेखि उनी ज्वाइन गर्ने कुरा थियो ।

आइतवार राति गृह जिल्ला बाराको बरियारपुरबाट एकजना काकाले निजका ठूल्दाइ सञ्जयप्रसाद कुशवाहालाई अचानक फोन गरे । राति साढे ९ बजेको समयमा चाँडै घर आऊ तिमीहरू, तिम्रो आमा निकै बिमारी छन् भनेर खबर सुनाउँदा धेरै संवाद गर्नु उचित नलागेर सबैजना जुन अवस्थामा थिए, त्यही अवस्थामा तीनजना दाजुभाइ र एकजना बहिनी एम्बुलेन्समा घरको लागि काठमाडौं छोडे ।

काठमाडौं छोड्दा घडीमा रातिको सवा १० बजिसकेको थियो । कुरा साँच्चै गम्भीर नै रहेको अजयकी दिदी सङ्गीताकुमारी कुशवाहाले भेउ पाइसकेकी थिइन् । तर उनले दाइसँग पटक–पटक घरमा के भएको छ भनी सोध्दा पनि सञ्जयले धेरै कुरा बताएनन् । बिहानको ५ बजे घरमा पुग्दा मानिसहरूको भीडभाड थियो । चीसोको बेला घरको भित्र र बाहिर सयौं मानिसको भीडभाड देखेर हामी चारैजना नै गम्भीर भएको अजय बताउँछन् । "हामीलाई आमालाई सन्चो नभएर अवस्था गम्भीर छ भनेर परिवारजनले बोलाएका थिए," अजयकी दिदी सङ्गीताले भनिन्, "तर अवस्था त्यस्तो थिएन, सबैले देखेपछि रुवावासी चल्यो, आमा यो संसार छोडेर गइसकेकी थिइन् ।" कालगतिले संसार छोडेर गएकी होइनन्, उनको बीभत्स हत्या भएको दृश्य जब देखे उनीहरूलाई विश्वास पनि लागेन ।

खासमा अजयकी ४८ वर्षीया आमा कान्तिदेवी कुशवाहाको आइतवार राति ९ बजे घरभित्र पसेर अज्ञात व्यक्तिले हत्या गरेको थियो । "घरभित्र पसेर हेर्दा आमा चिर निद्रामा थिइन्, उनलाई कसैले धारिलो हतियार प्रहार गरी आँखा नै बाहिर आउने गरी अनुहारको दाहिने भागमा घोचेर मारेको थियो," कान्तिदेवीका जेठा छोरा सञ्जयले भने । आमाको निर्ममतापूर्वक हत्याबारे बुझ्दै जाँदा बुबा गाउँमा अष्ठयाम पूजा हेर्न गएका बेला उक्त दुःखद घटना घटेको उनले थाहा पाए । सञ्जय र माइलो भाइ विजयप्रसाद कुशवाहा काठमाडौंकै टिचिङ अस्पतालभित्र रहेको मनमोहन मुटुरोग अस्पतालमा सञ्जय प्रशासनतर्फ खरिदार छन् भने विजय लेखा फाँटका खरिदार हुन् । एक्ली बहिनी सङ्गीता रेडियोलोजीको पढाइ सकेर लोकसेवा आयोगको तयारीमा थिइन् । बुबा बैधनाथ कुशवाहा गाउँका सफल किसान हुन् । उनको पक्की घर पनि निर्माण भइरहेको छ ।

छोराले घर बनाउन काठमाडौंबाट ५० हजार रुपैयाँ एनआइसी एशिया बैंकमा पठाएका थिए । त्यो रकम आइतवार झिकेर बुबा बैधनाथले आमा कान्तिदेवीलाई राख्न दिएका थिए । परिवारजनका अनुसार शायद त्यही रकम चोर्न चोर घरभित्र पसेको र अन्त्यमा कान्तिदेवीले चोरको पहिचान गरेपछि उनको बीभत्स हत्या गरेको हुन सक्ने परिवारजनको भनाइ छ ।

"चोरले आफू समातिने डरले आमाको ज्यान लियो," कान्तिदेवीकी छोरी सङ्गीताले भनिन्, "चोरले रकम लगेको छैन, आमाले दिन नमानेपछि ज्यान नै लिएर हामीलाई टुहुरो बनायो, त्यो पापीले ।" उनले चोरलाई चाँडोभन्दा चाँडो पक्राउ गरी सजाय दिनुपर्छ भनी प्रहरीसँग बिलौना गरिन् । उनका अनुसार बुबाआमाले दुःख गरेर गाउँमा खेतीपाती गरेर छोरोछोरीलाई ठूलो मानिस बनाउने सपना बोकेका थिए ।

"तर आमाको सपना अब अधूरो नै रहयो । उनी कहिल्यै हामीहरूबीच आउन सक्नुहुन्न," छोरी सङ्गीताले भनिन्, "अब हाम्रो दःुखसुखमा कसले साथ दिन्छ ।"





बरियारपुर (मठवा) टोलमा रहेको कान्तिदेवीको घर र उनका परिवारका सदस्यहरू । तस्वीरः प्रतीक

**लाउड स्पिकरको कोलाहलले चिच्याएको कसैले सुनेन**

आइतवार मठवा टोलमा स्थानीय एकजनाको घरमा अष्ठयाम पूजा भइरहेको थियो । मधेसमा अष्ठयाम भनेको एक प्रकारको धार्मिक २४ घण्टे अनुष्ठान हो । यो धार्मिक कार्यक्रमको लागि वरपरका गाउँमा पनि हरेराम हरेरामको धुन सुनाउन ठूलठूला लाउड स्पिकर बजाउने चलन छ । जसले गर्दा व्यापक ध्वनि प्रदूषण हुन्छ र अरूलाई घरमा बसेर आफनो काम गर्न पनि बाधा पुग्छ ।

त्यस्तै अवस्थामा कान्तिदेवीको हत्या हुँदा पनि छिमेकीले भेउ पाउन सकेका थिएनन् । राति ८ बजे खाना खाएर कान्तिदेवी सुत्न गइन्, त्यसपछि निजका पति बैधनाथ पूजा हेर्न गाउँमा निस्के । त्यही मौका छोपी अज्ञात व्यक्ति घरमा पसेर घरको मूलगेट भित्रबाट बन्द गरी घरभित्र प्रवेश गरेको बताइन्छ । ९ बजे बैधनाथ आउँदा कान्तिदेवीको हत्या भइसकेको थियो । त्यो व्यक्ति आँगनमैं राखिएको हलोबाट खपडाको घरको छानो माथि चढ्ने कोशिश गर्दै थियो, ढोकाको प्वालबाट यो दृश्य देखेपछि बैधनाथले चिच्याउँदै भने, "चोर आयो चोर ।" तर कोही पनि आएनन् । गाउँमा लाउड स्पिकरको आवाज यति ठूलो त्यसमा चीसो रातिमा चाँडै सबैजना सुत्छन् । त्यसपछि उनी बाँसको भऱ्याङबाट मूल ढोकाबाट आँगनमा हामफाले । त्यतिसम्म उक्त व्यक्ति घरको पछाडिको ढोका खोलेर फरार भइसकेको थियो ।

पत्नी कान्तिदेवीलाई रगताम्य अवस्थामा देखेर बैधनाथ रुँदै चिच्याउन थाले । त्यसपछि गाउँले भेला भए । अनि खबर भयो प्रहरीलाई । सुत्ने कोठाबाट थुतेर पछाडिको ढोकाको बरन्डामा उनलाई सुताएर धारिलो हतियार प्रहार गरी हत्या गरिएको थियो ।

**प्रहरीले फेला पाऱ्यो रातो गम्छा र औंठी**

बारा प्रहरीले अनुसन्धान तीव्र बनाएको छ । बाराका प्रहरी प्रवक्ता प्रनाउ गौतम मिश्रका अनुसार घटनास्थलबाट एक थान रातो गम्छा र औंठी फेला परेको छ ।

त्यो गम्छा र औंठी हत्यामा संलग्न अभियुक्तकै भएको प्रारम्भिक अनुसन्धानबाट थाहा पाइएको प्रनाउ मिश्रले बताए । हेटौंडाबाट प्रहरीले विशेष अनुसन्धान गर्ने कुकुर झिकाएर सोमवार बिहानदेखि छानबिन गरिरहेको छ, उनले भने, चाँडै अभियुक्तलाई कानूनको दायरा ल्याइनेछ ।

लाउड स्पिकर बन्द गर्न पहल गर्ने महागढीमाई नगरपालिकाका प्रमुख उपेन्द्र यादवले बताए । उनले बरियारपुरमा यस्तो घटना पहिलोचोटि भएको र लाउड स्पिकरले गर्दा घटना हुँदा पनि कसैले थाहा नपाएको विषयमा आफू गम्भीर रहेको बताए । महागढीमाई मेलामा ध्वनि प्रदूषण रोक्न नसकेका प्रमुख यादवले आगामी दिनमा नीति नै बनाएर धार्मिक कार्यक्रममा चर्को ध्वनि रोक्न आफूले भूमिका खेल्ने आश्वासन दिए । शायद चर्को आवाजमा लाउड स्पिकर नबजेको भए घटना नघट्ने उनको जिकिर थियो ।

# सूचना नपाएकाबारे स्थानीय सरकारमा उजूरी बढी

काठमाडौं, २८ माघ/रासस

राष्ट्रिय सूचना आयोगमा जनताको नजीकैका स्थानीय सरकारले सूचना नदिएका धेरै पुनरावेदन उजूरी आउन थालेका छन् । आर्थिक वर्ष २०७६/२०७७ मा आयोगमा एक हजार १३ वटा विभिन्न सार्वजनिक निकायले सूचना नदिएका पुरावेदन उजूरी दर्ता भएकामा ५३ प्रतिशत अर्थात् ५३१ वटा स्थानीय तहका विरुद्धमा आएको सचिव डा मुकुन्दप्रसाद पौड्यालले जानकारी दिए । चालू आर्थिक वर्षमा स्थानीय तहले सूचना दिएनन् भनी पुनरावेदन गर्नेको सङ्ख्या अझ बढी छ ।

आयोगमा आफू सचिव भई आएको पाँच महीने अवधिमैं एक हजारभन्दा बढी पुनरावेदन उजूरी स्थानीय तहकै रहेको उनले सुनाए । सार्वजनिक निकायसँग नागरिकले सूचना मागेको १५ दिनमा सूचना दिनुपर्ने व्यवस्था सूचनाको हकसम्बन्धी ऐन २०६४ मा छ । धेरै स्थानीय तहले यो व्यवस्था कार्यान्वयन नगरेको उजूरीको सङ्ख्याले देखाउने गरेको आयोगले जनाएको छ । सूचना अधिकारीले १५ दिनभित्र सूचना नदिएमा मागकर्ता सम्बन्धित कार्यालय प्रमुखकहाँ जाने व्यवस्था गरिएको छ । यसरी सूचना माग गर्ने नेपाली नागरिकलाई कार्यालय प्रमुखले सात दिनभित्र सूचना दिनुपर्छ । सात दिनमा कार्यालय प्रमुखले पनि सूचना नदिएमा ३५ दिनभित्र आयोगमा पुनरावेदन गर्नुपर्ने कानूनी व्यवस्था छ । दिन नमिल्ने सूचना भए त्यसको लिखित जानकारी सूचना अधिकारी वा कार्यालय प्रमुखले निवेदकलाई दिनुपर्छ ।

गत आवमा दर्ता भएका पुनरावेदन उजूरीमध्ये २१ प्रतिशत गैरसरकारी संस्थाले सूचना नदिएको विषयमा थियो । यस अवधिमा दर्ता भएका पुनरावेदनमध्ये शिक्षा क्षेत्रका निकायले सूचना नदिएको १० प्रतिशत उजूरी छ । संस्थागत (निजी) विद्यालयले हामी सार्वजनिक निकाय होइनौं भनी सूचना नदिने गरेको पुनरावेदन उजूरीसमेत आयोगमा दर्ता भएको छ ।

आर्थिक विषयसँग सम्बन्धित निकायमा दर्ता भएका सूचना मागका निवेदनमध्ये सूचना पाइएन भनी आठ प्रतिशत आवेदकले आयोगमा पुनरावेदन गरेका छन् । आर्थिक क्षेत्रमा पनि सूचना नदिनेमा बढी सहकारीको सङ्ख्या रहेको सचिव पौड्यालले बताए । यसैगरी, सूचना प्रविधि र सञ्चार क्षेत्रका निकायमा दर्ता भएका पाँच प्रतिशत आवेदकले सम्बन्धित कार्यालयबाट सूचना पाउन सकेनन् ।

मालपोत, भूमि, जग्गा प्रशासन र कृषिसँग सम्बन्धित निकायमा दर्ता गरिएका चार प्रतिशतले सूचना नपाएपछि आयोगमा पुनरावेदन गरेका छन् । आयोगको निर्देशनपछि पनि धेरै

(बाँकी चौथो पातामा)

# आलुखेतीमा रमाउँदै प्रकाश सर

डडेल्धुरा, २८ माघ/रासस

अमरगढी नगरपालिका–१ तडिपाटाका प्रकाशबहादुर ऐर पेशाले सरकारी शिक्षक हुन् । उनले पढाउने विद्यालय घरदेखि १५ मिनेटको दूरीमा रहेको असिग्राम मावि भातकाँडा हो । उनी सो विद्यालयमा गणित र विज्ञान विषय अध्यापन गराउँछन् । उनी शिक्षण पेशामा आबद्ध भएको २२ वर्ष पुग्यो जसमा सात वर्ष करार र १५ वर्ष स्थायी छ ।



विद्यालयमा शिक्षण पेशाको काम सकेर बाँकी रहेको समयमा व्यावसायिक आलुखेतीमा रमाउँदै अमरगढी नगरपालिका–१ तडिपाटा गाउँका प्रकाशबहादुर ऐर । तस्वीरः रासस

शिक्षक ऐरको दैनिकी फरक छ । उनी बिहान ६ देखि ९ बजे र साँझ ५ देखि करीब ८ बजेसम्म मातृभूमिको माटामा रमाइरहेका भेटिन्छन् । उनी तीन महीना आलुखेतीसँग रमाउँछन्, तीन महीना काउलीखेतीसँग मनोरञ्जन लिन्छन् । उनी बाँकी समय घर वरपरका बोटबिरुवा, गाईभैंसी, माछाको हेरचाहमा बिताउँछन् ।

**२० वर्षदेखि आलुखेती**

प्रकाश सरले आलुखेती शुरू गरेको २० वर्ष भयो । तेन्ह रोपनी जमीनमा उनले आलुखेती गरिरहेका छन् । विगतमा मकैबालीमा सीमित तडिपाटा गाउँ अहिले नगदेबालीमा धेरै अगाडि पुगेको देखिन्छ । आलुको 'सुपरजोन' नै घोषणा भएको छ । यस क्षेत्रका अधिकांशका खेतबारी अहिले आलुको हरिया पातहरूले हरियालीपूर्ण छ ।

"यहाँ शुरूशुरूमा मकै मात्रै लगाउँथ्यौं । हामी मकैमा मात्रै सीमित थियौं," उनले भने, "पछि बिस्तारै बुझ्दै जाँदा आलुखेतीबाट राम्रो आम्दानी हुने थाहा पाएपछि अहिले यहाँका सबैले आलुखेती मात्रै गर्छन् ।"

धेरै स्थानमा सिंचाइको सुविधा नभएको जनाइ धेरैले काम गर्न छाडेका उदाहरण छन् ।

इच्छाशक्ति भए सबै हुन्छ भने जस्तै ऐरले खेतीभन्दा तलको खोलाबाट मोटरको प्रयोग गरी बारीमा सिंचाइको व्यवस्थापन गरेका छन् ।

शुरूमा आलुखेती गर्दा केही समस्या आफूले भोग्नुपरेको उनले सुनाए । "मैले १३ रोपनीमा आलुखेती गर्ने गरेको छु । शुरूमा गाईवस्तुहरू पाल्नुपर्ने थियो, जोत्न कठिनाइ पनि थियो," उनले भने, "अहिले यान्त्रीकरणको युग आइसकेपछि आलु सुपरजोनबाट ५० प्रतिशत अनुदानमा मेशिनहरू पनि उपलब्ध भएको छ । त्यसले जोत्ने काममा सहजता ल्याएको छ ।"

**म्याडमको साथ**

उनको ६ जनाको परिवार छ । उनलाई आलुखेतीमा घरपरिवारका अन्य सदस्यले पनि साथ दिइरहेका छन् । "तीन घण्टा बिहान र तीन घण्टा साँझ गरेर हामी बारीमा काम गर्छौं," उनले भने, "आलुखेती गर्दा मलाई म्याडमले पनि सघाउनुहुन्छ, मिलेर काम गर्छौं । बिहान–बेलुका व्यायाम पनि हुन्छ । काम पनि हुन्छ । मलाई एकदमै रमाइलो लागेको छ ।"

**एक यामममा रु ६ लाख कमाइ**

उनी अहिले एक याममा सरदर १२ देखि १५ टन आलु उत्पादन गर्छन् । आलु राम्रो उत्पादन भएका समयमा एक याममा रु छ लाख र कम उत्पादन भएका याममा रु तीन लाख आम्दानी हुन्छ । बिक्री वितरणमा पनि केही समस्या नभएको उनको भनाइ छ । उत्पादित बीउ आलु भने उनी नजीकैको उग्रतारा शीत भण्डारणगृहमा राख्छन् । आलु रोप्ने समयमा तराईका जिल्ला कैलाली र कञ्चनपुर तथा पहाडका बैतडी, दार्चुला, बझाङ र डोटीका विभिन्न स्थानीय तहले सजिलै उनकै घरबाट बीउ आलु खरीद गरेर लैजान्छन् ।

प्रकाश सरले तमाम विद्यार्थीलाई औपचारिक शिक्षा दिइरहँदा आलुखेती गर्न चाहने किसानलाई आलु बीउ उत्पादन र बिक्री गरेर उदाहरणीय काम गरिरहेको स्थानीयवासी बताउँछन् । उनको यस कार्यमा थप बल तथा प्रोत्साहनस्वरूप प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गतको कार्यान्वयन एकाइ आलु सुपरजोन डडेल्धुराले अनुदान र बेलाबेलामा प्राविधिक सहयोग गर्दै आएको छ ।

सहयोग भएपछि आलुखेतीको दायरा फराकिलो भएको उनले बताए । अहिले खायन आलु (खानका लागि लगाइएको आलु) मात्र हैन, बीउ पनि उत्पादन भइरहेको छ । खायन आलुको मूल्य प्रतिकिलो रु २५ देखि ३० तथा बीउ आलुको मूल्य प्रतिकिलो रु ७० देखि ८० हो । "आलु मेरो जीवन नै हो, व्यावसायिक आलुखेतीमा मुनाफा त छँदैछ, आनन्द पनि उत्तिकै छ । घरपरिवारका सदस्यले सघाउँछन् । काम सकिन भने केही समयका लागि भएपनि ज्यालामा श्रमिक पनि राख्छु," उनले सुनाए ।

**विदेशिने युवालाई सुझाव**

युवाले खाडी मुलुक तथा भारतीय शहर जानुभन्दा आफ्नै देशमा पसिना बगाउन सकेमा आम्दानी गर्न सकिने उनको सुझाव छ । देशमैं आधुनिक तरीकाले कृषि व्यवसाय गरेमा युवा विदेश पलायन हुनु नपर्ने बताउँदै उनले भने, "युवाहरूले आफ्नै देशमा केही न केही व्यापार व्यवसाय गर्नुपर्छ । विदेश जानुहुँदैन । यहीं लाखौं कमाउन सकिन्छ ।"

नेपालकै भूमिमा पसिना बगाउन उनले सुझाव दिए । "विदेशी भूमिमा घण्टौं पसिना बगाएर छोराछोरीको पालनपोषण गर्नुभन्दा आफ्नै भूमिमैं पसिना बगाएर आम्दानी गर्न सकिन्छ," उनले भने ।



**झिलिङ्गा सुकाउँदै :** तनहुँको घिरिङ गाउँपालिका–५ मोहोरियाका महिला बिक्रीका लागि झिलिङ्गा तयार गरी सुकाउँदै । तस्वीरः रासस

# इन्टरनेटको गलत प्रयोगः बालबालिका यौन शोषणमा पर्दै


काठमाडौं, २८ माघ/रासस

पछिल्लो समयमा इन्टरनेटको गलत प्रयोगका कारण बालबालिका यौन शोषणमा पर्दै गएका छन्। नेपाल बाल मजदूर सरोकार केन्द्र (सिविन–नेपाल) ले गरेको अध्ययन अनुसार इन्टरनेट सेवाबाट बालबालिकामा नकारात्मक असर परेसँगै अनलाइनबाट बालबालिका यौन शोषणमा समेत परेको देखाएको छ।

सन् २०२० मा सो संस्थाले नेपालको सातै प्रदेशमा बालबालिकाको अनलाइन यौन शोषणसम्बन्धी गरेको अध्ययनमा बालबालिका तथा नवयुवाविरुद्ध हुने अनलाइन यौन शोषणका घटनाहरू कम्प्युटर र साइबरको अवास्तविक दुनियाँलाई छिचोलेर प्रत्यक्ष भेटघाट र यौन शोषणसम्म विस्तार भएको पाइएको छ। यसरी यौन शोषणमा पर्नेहरूमा बालिका/किशोरीभन्दा झन्डै दोब्बर सङ्ख्यामा बालक/किशोरहरू रहेको देखाएको छ।

९ देखि १९ वर्ष उमेर समूहका एक हजार ७१४ जना बालबालिका तथा किशोरकिशोरीहरूबीच गरिएको थुप्रै बालबालिकालाई अनलाइन यौन शोषणमा परेपछि विद्यालय छोड्न बाध्य गरेको र उनीहरूको दैनिक जीवनमा समेत असर परेको छ। अनलाइनमा नग्न फोटो, अडियो तथा भिडियोहरू बनाएर पठाउनका लागि दबाब झेल्नेहरूमा केटीहरूको तुलनामा केटाहरूको सङ्ख्या अधिक रहेको पाइएको सिविनका कार्यकारी निर्देशक सिम्नीमा तुलाधरले जानकारी दिइन्।

नग्न फोटो, अडियो तथा भिडियोहरू बनाएर पठाउनका लागि दबाब दिने वा


प्रतीकात्मक तस्वीरः सौजन्य

बाध्य पार्नेहरूमा प्रेमीप्रेमिका, दौंतरी, सबैभन्दा नजीकका साथीहरू र कतिपय अवस्थामा अपरिचित व्यक्तिसमेत रहेको पाइएको छ। केही विदेशी मूलका मानिसहरू पनि त्यस्ता गतिविधिमा संलग्न भइरहेको अध्ययनले देखाएको छ।

त्यसैगरी, यौन प्रेरित सामग्रीहरू पठाउने माध्यममा प्रेमिका, प्रेमी, दौंतरी र सबैभन्दा नजीकको साथीको हकमा अधिक तर सामाजिक नेटवर्किङ साइटहरू र इमेल प्रयोगमा रहेको पाइएको छ भने अपरिचित र विदेशीलाई पठाउने माध्यमका रूपमा सामाजिक नेटवर्किङ साइटहरू, इमेल, अज्ञात लिङ्क र फोनसमेत प्रयोग भएको देखिएको छ। "अनलाइनमा ६३.३६ प्रतिशत पुरुष र ३४.३५ प्रतिशत महिलाले प्रत्यक्षरूपमा क्यामेराको अगाडि नग्न देखिन बालबालिकालाई भनेका थिए, नग्न हुन दबाब दिनेहरूमा आफ्नै साथी, प्रेमिका वा प्रेमी, नातेदार, नजीकका साथी र कतिपय अपरिचितहरू पनि थिए," अध्ययन प्रतिवेदनमा भनिएको छ।

कुल उत्तरदातामध्ये, १३७ जना (७.९९ प्रतिशत) उत्तरदातालाई क्यामेराको अगाडि नग्न देखिन भनिएको थियो। यसरी नग्न बस्न दबाब खेप्ने उत्तरदातामा ५८ (६२ प्रतिशत) केटा, ४७ (३४.३१ प्रतिशत) केटी र दुईजना (१.४६ प्रतिशत) लैङ्गिक अल्पसङ्ख्यक समुदायका व्यक्ति रहेका थिए। नग्न देखिन भन्नेमा आफ्नै साथीहरू, सबैभन्दा नजीकका साथी, प्रेमिका, प्रेमी, आफन्त, केही अपरिचित, विदेशी र हेरचाहकर्ताहरूसमेत रहेका छन्।

कुल उत्तरदाता एक हजार ७१४ मध्ये ४५७ जना (२६.६६ प्रतिशत)ले अनलाइनमा अपरिचित व्यक्तिलाई भेटेको पाइएको छ। यसरी अपरिचित व्यक्तिलाई अनलाइन भेट्ने उत्तरदाताहरूमध्ये १६३ जनालाई छुट्टै प्रत्यक्ष भेट्न भनिएकामा १५४ (३३ प्रतिशत) जनाले भने ती अपरिचित व्यक्तिसँग भेटघाट गरेका थिए। प्रत्यक्ष भेट्न जाने सबैले कुनै न कुनै रूपका यौन शोषणको अनुभव गरेका थिए।

कुल उत्तरदातामध्ये ३४० जना (१९.८३ प्रतिशत)ले अनिच्छित अनलाइन यौन शोषण भोगेको उल्लेख गरेका छन्। यसरी अनलाइन यौन शोषणको सामना गर्ने उत्तरदातामा केटाको सङ्ख्या केटीको तुलनामा अधिक रहेको छ। अनलाइन यौन शोषणमा परेका उत्तरदाताहरूमा ठूलो मात्रामा मानसिक असर परेको पाइएको छ। उत्तर दिने क्रममा कतिपयले आफू मानसिकरूपमा समस्यामा परेको, कतिपयले पढाइमा ध्यान दिन नसकेको र मर्नसमेत तयार रहेको तथा कतिपयले लामो समयसम्म दुःखी भएको बताएका थिए।

अनलाइन यौन शोषणमा परेका ३४० उत्तरदातामध्ये ४८ (१४.१२ प्रतिशत) जनाले यौन शोषणसम्बन्धी घटना घटेपछि विद्यालय छोडेका छन्। विद्यालय छोडेकाहरूमध्ये १५ जनाले मात्र परामर्श सेवाको खोजी गरेका थिए भने ३४ जनाले आफूहरूलाई दैनिक जीवन व्यवहारमा बाधा परेको बताएका थिए। तीमध्ये नौजनाले मात्र परामर्श सेवा पाउन सकेका थिए।

अनलाइन यौन शोषणको सामना गरेका ३४० जना उत्तरदातामध्ये २३३ (६८.५३ प्रतिशत) जनाले मात्र परिवार, साथी वा प्रहरीलाई खबर गरेका थिए। त्यसैगरी सामाजिक सञ्जाल तथा सम्पर्क ब्लक गर्ने, आएका कल तथा सन्देशहरूलाई उपेक्षा गर्ने, इन्टरनेटको प्रयोग बन्द गर्ने, सिमकार्ड परिवर्तन गर्ने र सामाजिक सञ्जालमा नयाँ अकाउन्ट खोल्ने कार्य गरेको बताएका थिए।

अध्ययनमा कुल उत्तरदातामध्ये २५३ (१४.७६ प्रतिशत)जनाले आफू साइबर बुलिङको शिकार भएको बताएका थिए। उनीहरूमध्ये १७५ (१०.२१ प्रतिशत)जनाले आफ्नो बुबाआमालाई उनीहरूको इन्टरनेट बानी व्यवहार थाहा भएपछि पनि साइबर बुलिङको सामना गरेका थिए। अध्ययन अनुसार साइबर बुलिङको घटना सबैभन्दा बढी वाग्मती प्रदेशको काठमाडौं र मकवानपुरमा (२७ प्रतिशत) रहेको पाइएको छ भने दोस्रोमा प्रदेश नं २ को धनुषा (१८ प्रतिशत) रहेको छ।

## प्रयोगात्मक परीक्षा उत्तीर्ण गरेको डेढ वर्षभित्र राजस्व

काठमाडौं, २८ माघ/रासस

यातायात व्यवस्था कार्यालयले सवारी चालक अनुमतिपत्रको प्रयोगात्मक परीक्षा (ट्रायल) उत्तीर्ण गरेको डेढ वर्षभित्र राजस्व तिर्नुपर्ने व्यवस्था गरेको छ। यसअघि सेवाग्राहीले प्रयोगात्मक परीक्षा पास गरेको एक वर्षभित्र राजस्व तिर्नुपर्ने व्यवस्था भएकामा सेवाग्राहीलाई सहज हुने गरी नयाँ व्यवस्था गरिएको हो।

गत आर्थिक वर्षमा प्रयोगात्मक परीक्षा पास गरेका सेवाग्राहीले कोभिड–१९ का कारणले राजस्व तिर्न नपाएकाले अवधि अहिलेका लागि बढाइएको विभागका निर्देशक रामचन्द्र पौडेलले बताए। यातायात व्यवस्थापन कार्यविधि निर्देशिका, २०६० मा संशोधन गरी सो व्यवस्था गरिएको हो। उनले भने, "धेरै सेवाग्राहीले कोभिडका कारणले राजस्व तिर्न नपाएको भनी गुनासो आएकाले अवधि बढाएको हो।"

कोभिडका कारण तोकिएको अवधिमा सेवाग्राहीले राजस्व बुझाउन नसकेकाले हालका लागि सो व्यवस्था गरिएको भएपनि पछिसम्म सोही व्यवस्थाले निरन्तरता नपाउन सक्ने निर्देशक पौडेलको भनाइ छ। चालक अनुमतिपत्रका लागि परीक्षा सञ्चालन र अनुमतिपत्र वितरण, नवीकरण प्रदेश सरकार अन्तर्गत यातायात कार्यालयले गरिरहेका छन्। अनुमतिपत्रको सर्भरको काम र छपाइको काम विभागले गरिरहेको छ।

विश्वव्यापी महामारीका रूपमा फैलिएको कोभिड–१९ को सङ्क्रमण नेपालमा पनि देखिन थालेको थियो। नेपालमा दोस्रो सङ्क्रमित भेटिएसँगै सरकारले लागू गरेको बन्दाबन्दीका कारण देशभरका सबै सरकारी कार्यालयसँगै यातायात व्यवस्था कार्यालय पनि बन्द भएका थिए। कोभिड–१९ बाट सुरक्षित हुँदै असारदेखि कार्यालय खुले पनि नयाँ चालक अनुमतिपत्र सेवा अवरुद्ध थियो। कार्यालयले चालक अनुमतिपत्र वितरण र नवीकरण जारी राखे पनि कार्यालयमा भीड हुने जनाउँदै नयाँ अनुमतिपत्र सेवा अवरुद्ध गरेको थियो। प्रदेश सरकार अन्तर्गत रहेका कार्यालय र सङ्घीय सरकार अन्तर्गतको विभागबीचको समन्वयमा नै गत पुसदेखि नयाँ अनुमतिपत्र खुलाइएको थियो।

संविधान अनुसार यातायातसम्बन्धी जिम्मेवारी सङ्घ र प्रदेशमा बाँडिएपछि कार्यालयहरू नेपाल सरकारले प्रदेश सरकारलाई हस्तान्तरण गरेको थियो।

### सूचना नपाएकाबारे....

सार्वजनिक निकायले सूचना नदिने गरेको सूचनाको हकका लागि वकालत गर्दै आएका सोच नेपालका कार्यक्रम अधिकृत राजेन्द्र कोइराला बताउँछन्।

काठमाडौंका ११ स्थानीय तहसँग कोभिड–१९ का क्रममा खर्च भएको आर्थिक विवरण माग्दा चारवटाले मात्र सूचना दिएको उनले सुनाए। ओखलढुङ्गा र गोरखा जिल्लाका स्थानीय तहसँग पनि कोरोनाबाट नागरिकलाई बचाउन खर्च गरिएको विवरण माग गर्दा सोच नेपालले सहजै पाउन नसकेको अनुभव सँगालेको छ।

आयोगले सूचना नदिएको भनी त्रिभुवन विश्वविद्यालय, वीरगंजको एक विद्यालय र नेपाल चार्टर्ड एकाउन्टेन्ट संस्थालाई जरिवानास्वरूप कारबाईसमेत गरेको छ। आयोगको आदेशपछि पनि सूचना नदिने सबै सार्वजनिक निकायलाई कारबाई नहुँदा दण्डहीनताको संस्कृति मौलाएको छ। आयोगमा परेका धेरै पुनरावेदन उजूरीलाई तामेलीमा राख्ने गरिएको सूचनाको हकका क्षेत्रमा कार्यरत अभियानकर्मीको गुनासो छ। नागरिकको सूचनाको हकका लागि काम गरिरहेको संस्था फ्रिडम फोरमका प्रमुख कार्यकारी तारानाथ दाहालले आयोगले आदेश दिने तर त्यसको कार्यान्वयन भयो वा भएन भनी अनुगमन नगर्ने गरेको बताउँछन्।

"स्थानीय तह सूचनामैत्री बन्न नसकेको आयोगमा आउने पुनरावेदन उजूरीबाट पुष्टि हुन्छ, नागरिकको दैनिक जनजीवनसँग सम्बन्धित काम स्थानीय सरकारबाट हुने गरेकाले पनि धेरैले त्यहीं सूचना माग्छन्, तर यो संवैधानिक व्यवस्थालाई स्थानीय सरकारले व्यवस्थापन गर्न सकेका छैनन्," उनले भने। प्रदेश सरकार र सङ्घीय सरकार टाढा हुने भएकाले सूचना माग्न कमै नागरिक जाने गरेका छन्। प्रदेश र सङ्घमा हुने उजूरी कम रहेकाले यी सरकार पारदर्शी छन् भन्ने सकिने अवस्था नरहेको अभियानकर्मी दाहाल बताउँछन्।


**प्रेम दिवसः** काठमाडौं नयाँ बानेश्वरमा प्रेम दिवसलाई लक्षित गरी बिक्रीको लागि राखिएका पोस्टकार्ड र गुलाबका फूल। तस्वीरः रासस

## फरक समाचार

### राति रक्तचाप बढ्छ भने स्मरण घट्ने खतरा

वैज्ञानिकले रक्तचाप र घट्दो स्मरणशक्तिबीच एउटा सम्बन्ध रहेको बताएका छन्। रिसर्च रिपोर्टले भन्छ, जुन पुरुषको दिनको तुलनामा राति रक्तचाप बढी रहन्छ, उनीहरूमा डिमेन्सिया हुने खतरा १.६ गुना बढी हुन्छ। डिमेन्सिया अर्थात् स्मरण लगातार कम हुनु र निर्णय लिन नसक्नु हो।



उपसाला विश्वविद्यालयका वैज्ञानिकले स्वीडेनका ७० वर्षीय व्यक्तिलाई अध्ययनमा सामेल गरेका थिए। दिन र राति उनीहरूको रक्तचाप नापिएको थियो। शोध अनुसार जसको रक्तचाप राति बढेको थियो, उनीहरूमा डिमेन्सियाको असर देखियो।

यसको कारण पत्ता लगाउन सकिएन तर वैज्ञानिकको भनाइ छ राति बढ्ने रक्तचापले ब्रेनको सक्रियतालाई रोक्न सक्छ। उच्च रक्तचापको मामिलामा बढीजसो ५० वर्षको उमेरमैं मानिसमा देखिन्छ, जुन डिमेन्सियाको एउटा ठूलो रिस्क फैक्टर हो।

संसारमा करीब ५ करोड अल्जाइमर्सका रोगी छन्, यसमध्ये ५० देखि ७० प्रतिशत डिमेन्सियाले ग्रसित छन्।

**स्मरण सुधार्न ५ वटा कुरा दिनचर्यामा सामेल गरौंः**

- **सुडोकु, पजल र क्रसवर्ड प्रतिदिन खेलौं।**
- **८–१० घण्टा सुत्नुपर्छ।**
- **सातामा ५ दिन एरोबिक्स गरौं।**
- **उच्च रक्तचाप, कोलेस्ट्रोल र ब्लड सुगर नियन्त्रण गरौं।**
- **मानिससँग कुराकानी गर्न नछाडौं, सक्रिय रहौं।**

प्रायः हामीले अल्जाइमर्स र डिमेन्सियाबीचको अन्तर बुझ्न सक्दैनौं। डिमेन्सियाको अर्थ हो स्मरण गुम्नु। अल्जाइमर डिमेन्सियाको एक प्रकार हो। डिमेन्सिया दुई प्रकारका हुन्छ। पहिलो जसको उपचार सम्भव छ। दोस्रो, जसको उपचार छैन अर्थात् डिजेनरेटिभ डिमेन्सिया, अल्जाइमर्स पनि यसै श्रेणीको रोग हो।

मस्तिष्कको यस्तो कोशिका जसले स्मरणलाई नियन्त्रण गर्छ, त्यो सुक्न थाल्छ। जसको असर खस्किंदो स्मरणको रूपमा देखिन्छ र रिकभर गर्न असम्भव हुन्छ।

यो रोग मस्तिष्कमा एक प्रकारको टाऊ टैंगल्स प्रोटिन बनेपछि हुन्छ। यो तन्त्रिका कोशिकालाई आपसमा जोड्न र उनीहरूबीच हुने क्रियामा रोकावट पैदा गर्छ, जसबाट व्यक्ति सही सन्तुलन बनाउन सक्दैन। केही व्यक्तिमा यो आनुवांशिक पनि हुन्छ। शारीरिकरूपले सक्रिय नहुनु, मोटोपन, मधुमेह, टाउकोमा चोट लाग्नु, सुन्ने क्षमता कमजोर हुनु, यस रोगका केही कारण हुन्।

### सबैभन्दा सानो छेपारो

छेपारोले रङ्ग बदलिन्छ भन्ने हामीले देखेका पनि छौं। साधारणतया छेपारोको लम्बाइ कमसेकम ४ देखि ५ इन्च हुन्छ। तर हालै वैज्ञानिकले यस्तो छेपारो




खोजेका छन्, जसको लम्बाइ एक इन्चभन्दा पनि कम छ। वैज्ञानिकले छेपारोको यो अनौठो प्रजाति उत्तरी मेडागास्करको जङ्गलमा फेला पारेका हुन्, जसलाई ब्रुकेशिया नाम दिइएको छ।

वैज्ञानिकले यसलाई संसारकै सबैभन्दा छोटो रेप्टाइल अर्थात् घस्रिने जीव मानेका छन् र यसलाई नैनो–छेपारो नाम दिएका छन्। जर्मनीको हैम्बर्गस्थित नेचुरल हिस्ट्री सेन्टरका वैज्ञानिक ओलिभर होलिस्चेक अनुसार यस नैनो छेपारोको घर मेडगास्करको जङ्गल हो। धेरै वर्षदेखि जङ्गल फँडानी भइरहेको थियो तर अहिले नैनो–छेपारो जोगाउन यसलाई संरक्षित गरिइँदै छ। नैनो छेपारो प्रजातिको संरक्षणको लागि जङ्गल कटानी रोक्नु ठूलो कदम मानिंदैछ।

वैज्ञानिकका अनुसार भाले र पोथी दुईवटा छेपारो भेटिएका छन्। भाले छेपारोको आकार पोथीको तुलनामा कम छ। भाले छेपारोको आकार ०.५३ इन्च छ भने पोथी छेपारोको ०.७५ इन्च छ। यो छेपारोको शरीरको २० प्रतिशत भाग रिप्रोडक्टिभ आर्गन हो। वैज्ञानिक मार्क शर्ज भन्छन्– केही जीवमा रिप्रोडक्टिभ आर्गन उनीहरूको शरीरको अनुपातमा ठूलो हुन्छ। संसारमा अहिलेसम्म ११ हजार ५ सय रेप्टाइल भेटिएका छन्। तर यो छेपारोको प्रजाति आकारको तुलनामा सबैभन्दा सानो छ। यसको खोज जर्मनी र मेडागास्करका वैज्ञानिकहरूको टीमले गरेको हो।

### मधुमेह र मुटुरोगको निगरानी गर्ने लेन्स

आँखामा लगाइने स्मार्ट कन्टेक्ट लेन्सले मधुमेह र मुटुको रोगमाथि पनि निगरानी राख्ने भएको छ। यो लेन्सले आँसुको मदतबाट शरीरमा ब्लड सुगरको स्तर चेक गर्न सक्छ र तपाईंलाई सचेत गराउँछ। यो लेन्सलाई ब्रिटेन, अमेरिका र चीनका विज्ञहरूले मिलेर बनाएका हुन्।



लेन्स तयार गर्ने टीमका प्राध्यापक लुनलङ झाओ भन्छन्– लेन्सले आँखाको ज्योति बढाउँछ। लेन्सले आँसुमा रहेको ब्लड सुगरको स्तर चेक गर्छ। चेक गरेपछि डाटा वायरलेस तरीकाबाट कम्प्युटरमा ट्रान्सफर गर्छ। यहाँबाट हेर्न सकिन्छ कि मधुमेह र मुटुको रोगको खतरा कति छ। अनुसन्धानकर्ता अनुसार यदि तपाईं कुनै वस्तुलाई जुम गरेर हेर्न चाहनहुन्छ भने यसको लागि एकपटक आँखा झिम्काउनुपर्छ। लेन्समा धेरै थोक भएपनि यसले आँखालाई कुनै समस्या गर्दैन।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## बेलायतमा कोरोनाबाट एक हजारभन्दा बढीको मृत्यु

लन्डन, २८ माघ/सिन्ह्वा

बेलायतमा केही महीनाअघिदेखि शुरू भएको कोरोना भाइरसको दोस्रो लहर तथा पछिल्ला केही हप्तामा देखिएको कोरोनाको नयाँ स्वरूपको भाइरसपछि मृत्यु हुनेको सङ्ख्यामा कमी आएको छैन।



बेलायतको एक विमानस्थलबाट बाहिरिंदै यात्रु। तस्वीरः सिन्ह्वा

यहाँ यो भाइरसबाट मृत्यु हुनेको सङ्ख्या करीब सात महीनापछिकै धेरै देखिन थालेको यहाँको सरकारी तथ्याङ्कले देखाएको छ।

बेलायतको 'डिपार्टमेन्ट अफ हेल्थ एन्ड सोशल केयर'ले मङ्गलवार सार्वजनिक गरेको तथ्याङ्क अनुसार गएको २४ घण्टामा थप १ हजार ५२ जना कोरोना सङ्क्रमितको मृत्यु भएको छ।

योसँगै बेलायतमा कोरोनाका कारण ज्यान गुमाउनेको सङ्ख्या १ लाख १३ हजार ८५० पुगेको पनि बताइएको छ। यहाँ अहिले पनि सङ्क्रमणको सङ्ख्या बढिरहेका समाचारहरू आइरहेका छन्।

मृतक तथा कोरोना सङ्क्रमितको सङ्ख्या पहिलेका तुलनामा केही कमी देखिएको भएपनि उल्लेखनीयरूपमा कमी आउन भने सकेको छैन।

यहाँ नयाँ स्वरूपको भाइरसको सङ्क्रमण शुरू भएको केही हप्ताअघिको तुलनामा सङ्क्रमितको सङ्ख्या कम देखिए पनि उल्लेख्यरूपमा कमी आउन भने सकेको छैन। यहाँका स्वास्थ्यसम्बन्धी अधिकारीहरूले दिएको जानकारी अनुसार गएको २४ घण्टामा १२ हजार ३६४ जना सङ्क्रमित थपिएका छन्।

यहाँको सरकारी तथ्याङ्कमा उल्लेख भए अनुसार योसँगै बेलायतमा यो भाइरसबाट सङ्क्रमित हुनेको सङ्ख्या ३९ लाख ७२ हजार १४८ जना रहेको छ।

यसैगरी, बेलायतबाट प्राप्त भएको अर्को एक समाचारमा बेलायतमा मङ्गलवारसम्मको तथ्याङ्कमा यहाँका १ करोड २० लाखभन्दा बढी नागरिकलाई कोरोना भाइरसविरुद्धको खोप दिइएको छ।

**बेइजिङका नगरहरूलाई उच्च र मध्यम जोखिमका रूपमा छुट्याइयो**

बेइजिङ/सिन्ह्वा

चीन सरकारका स्वास्थ्य अधिकारीहरूले यहाँको राजधानी शहर बेइजिङका कतिपय नगरलाई उच्च तथा मध्यम खालको जोखिमयुक्त नगरका रूपमा विभाजन गरिएको जनाएका छन्।

सो कुराको जानकारी बेइजिङका अधिकारीहरूले मङ्गलवार पत्रकार सम्मेलन गरेर दिएको प्राप्त समाचारमा जनाइएको छ।

मङ्गलवार दिइएको सो जानकारी अनुसार बेइजिङको रोङघुई भन्ने नगरलाई यसअघि उच्च जोखिम भएको नगरका रूपमा राखिएकोमा मङ्गलवार त्यसलाई पनि न्यून जोखिमयुक्त नगरका रूपमा राखिएको छ।

मानिसको ठूलो बस्ती रहेका यहाँका अरू नगरहरू भने यसअघि नै कम जोखिमयुक्त बस्ती तथा नगरका रूपमा लिइएको छ।

यहाँका अधिकारीहरूले नागरिकको बस्ती तथा नगरको घनत्व पनि हेरेर त्यहाँ महामारीको के कस्तो अवस्था छ भन्नेबारेमा अनुसन्धान गरिरहेका छन्।

यदि उच्च जोखिमयुक्त अवस्थामा ती बस्ती र नगर रहेको अवस्थामा भने सफा गर्ने, सेनिटाइज गर्ने र नागरिकहरूलाई सतर्क रहन आग्रह गर्ने गरिएको छ। रासस

## म्यान्मामा सैन्य 'कू'को विरोधमा प्रदर्शन जारी

याङ्गुन, २८ माघ/सिन्ह्वा

म्यान्मामा गत साता भएको सैन्य 'कू'को विरोधमा दशौं हजार मानिसले विरोध जारी राखेका छन्। यसै क्रममा मङ्गलवार एक महिला गम्भीर घाइते भएकी बताइएको छ। प्रदर्शनकारीहरूलाई तितरबितर पार्न प्रहरीले पानीको फोहोरा, रबरको गोली र गोली प्रहार गरेको थियो। मानव अधिकारवादी समूहहरूका अनुसार घाइते भएका ती महिलाको टाउकोमा गोली लागेको छ।



तस्वीरः एएफपी

प्रहरीले बल प्रयोग गर्दा प्रदर्शनकारीहरू घाइते भएका विवरणहरू प्राप्त भएका छन्। तर कसैको मृत्यु भएको छैन। बुधवार बिहान पुनः विरोध प्रदर्शन शुरू भएको र राजधानीमा आयोजित पाँचौं दिनको प्रदर्शनमा सरकारी कर्मचारीहरू पनि सहभागी भएका छन्।

यसैबीच, म्यान्माको सेनाले नेत्री आङ सान सुकीको पार्टी नेशनल लिग फर डेमोक्रेसीको याङ्गुनस्थित मुख्य कार्यालयमा छापा मारेर तहसनहस पारिदिएको उक्त दलले दाबी गरेको छ। मङ्गलवार राति सुरक्षाकर्मीहरू उक्त कार्यालयको ढोका फोरेर भित्र छिरेर तहसनहस गरेको जानकारी दिइएको छ। पार्टीको कार्यालय तहसनहस पारिदिएको यस अवस्थामा कोही कार्यकर्ता भने नभएको जनाइएको छ।

सेनाले जारी गरेको रात्रिकालीन कर्फ्यूका बेला छापा मारेको बताइएको छ। अहिले म्यान्मामा राति ८ देखि बिहान ४ बजेसम्म देशभरि निषेधाज्ञा लागू गरिएको छ। रासस

## लुटेरा समूहद्वारा नाइजेरियामा २३ गाउँलेको हत्या


लुटेरा समूहले आक्रमण गरेको नाइजेरियास्थित कुडुना प्रान्तको गाउँको दृश्य तस्वीर। तस्वीरः रायटर्स

अबुजा, २८ माघ/सिन्ह्वा

अफ्रिकी मुलुक नाइजेरियाको उत्तरपश्चिम कडुना प्रान्तको एउटा गाउँमा बन्दुक बोकेका लुटेरा समूहको आक्रमणमा परेर कम्तीमा २३ जना गाउँलेको मृत्यु भएको छ।

प्रान्तका सुरक्षा आयुक्त सामुएल अरुवानका अनुसार सोमवार शङ्कास्पद लुटेरा समूहले गाउँलेमाथि अन्धाधुन्ध आक्रमण गरेका थिए। नाइजेरियाको सेनाले आक्रमणकारीको खोजीका लागि व्यापक सैन्य अभियान थालेको पनि उनले बताए।

प्रान्तका गभर्नर नासिर एल-रूफाईले उक्त घटनाको कडा शब्दमा निन्दा एवं भर्त्सना गर्दै लुटेरा समूहका विरुद्ध सैन्य कारबाई तीव्र बनाउन सुरक्षा निकायहरूलाई निर्देशन दिएका छन्।

हालैका महीनाहरूमा नाइजेरियाको उत्तरी क्षेत्रमा सशस्त्र समूहले नियमित अन्तरालमा आक्रमणको शृङ्खला नै चलाएका छन्। लुटेरा समूहले किसानले पालेका गाईवस्तु पनि लुट्ने गरेका छन्। रासस

## निजगढ नपामा ४२ हजार मूल्यबराबरको कम्बल र थर्मस गायब

प्रस, निजगढ, २८ माघ/

निजगढ नगरपालिकाले नगरभित्रका अपाङ्ग, अशक्त र ज्येष्ठ नागरिकहरूलाई बाँड्न ल्याएको ब्याङ्केट (कम्बल) र थर्मस हराएपछि नगरपालिकाको सम्बन्धित फाँटका कर्मचारीहरूबीच भित्रभित्रै आन्तरिक खैलाबैला मच्चिएको छ। नगरपालिकाले अशक्त, ज्येष्ठ नागरिकका लागि ल्याएको कम्बलमध्ये १० थान र थर्मस १२ थान हराएको जानकारी प्राप्त भएको छ। सो सामान हराएपछि खोजी गर्न नगरपालिकामा जडान गरिएको सिसिटिभी क्यामेराले कैद गरेका दृश्यहरू हेर्ने कार्य गरिएको छ। "तीन दिनदेखि सिसिटिभी क्यामेराले कैद गरेका दृश्यहरू हेरिरहेका छौं। अझै पत्ता लागेको छैन। हेर्ने क्रम जारी छ," निजगढ नपाकी महिला बालबालिका तथा समाज कल्याण शाखाकी सहायक महिला विकास निरीक्षक रोजी श्रेष्ठले भनिन्।



तस्वीरः फाइल

नगरपालिकाले खरीद गरेको उक्त सामान १०१ नम्बरको नगरप्रहरी रहने कोठामा राखिएको बुझिएको छ। विक्रेताबाट खरीद गरी ट्रान्सपोर्टद्वारा ल्याइएका पोकाहरू सिलबन्दी जस्तै रहे पनि घरघरै पुगेर ब्याङ्केट (कम्बल) र थर्मस बाँड्दै जाने क्रममा पछिल्लो समय सामान अपुग भएपछि हराएको हो वा चोरी भएको अथवा पसलेले नै सामान कम पठाएको हो भन्ने कुरा अझै यकीन नभएको नगरपालिकाले जनाएको छ।

सामान खरीद गरी ल्याएको करीब एक महीनापछि सामान अपुग भएको भन्दै विक्रेतालाई नगरपालिकाले जानकारी गराए पनि खबर ढिलो आएको सामान विक्रेताले नगरपालिकालाई प्रतिक्रिया दिएको नगरपालिका कर्मचारी स्रोतले जानकारी दिएको छ। निजगढ नगरपालिकाका सूचना अधिकारी रविन घिमिरेले पनि सामान कम भएकोले खोजी भइरहेको जानकारी दिए।

नगरपालिकाले २०० थान कम्बल खरीद गरेकोमा १८४ जनालाई बाँडिसकेको छ भने अझै ६ थान बचत रहेको छ। प्रतिथान कम्बल मूअकसहित २ हजार ९५० र थर्मस प्रतिथान १ हजारमा निजगढ नपाले खरीद गरेको जनाएको छ।

## लागूऔषधसहित एकजना पक्राउ

प्रस, सर्लाही, २८ माघ/

सशस्त्र प्रहरी बल हरिवन बेसक्याम्पको टोलीले सर्लाहीबाट लागूऔषधसहित एकजनालाई पक्राउ गरेको छ। सदरमुकाम मलङ्वाबाट नवलपुरतर्फ आउँदै गरेको अवस्थामा मङ्गलवार साँझ मलङ्वा नगरपालिका-४ निवासी ४१ वर्षीय सुरेन्द्र यादव पक्राउ परेका हुन्।

नवलपुर-मलङ्वा सडकखण्ड अन्तर्गत लालबन्दी नगरपालिका वडा नं २ जुटपानीमा चेकजाँच गर्ने क्रममा भारतीय मोटरसाइकलमा सवार यादव लागूऔषधसहित पक्राउ परेका हुन्। यादवको साथबाट नेपालमा प्रतिबन्धित ७५ बोतल विन्सिरेक्स बरामद भएको सशस्त्र प्रहरीले जनाएको छ। पक्राउ परेका व्यक्ति, बरामद लागूऔषध र मोटरसाइकलसहित कारबाहीका लागि इलाका प्रहरी कार्यालय लालबन्दीलाई बुझाइएको सशस्त्र प्रहरी बेस क्याम्प हरिवनले जनाएको छ।

## महेन्द्रनारायण निधि पुरस्कार दाहाल र राकेशलाई प्रदान गरिने

प्रस, जनकपुरधाम २८ माघ/

विसं २०७६ र ७७ को महेन्द्रनारायण निधि राष्ट्रिय पुरस्कार क्रमशः वरिष्ठ पत्रकार एवं पूर्वमन्त्री होमनाथ दाहाल र करीब पाँच दशकदेखि भाषा, साहित्य, संस्कृति तथा अभिव्यक्ति स्वतन्त्रताका लागि साधनारत डा रामदयाल राकेशलाई प्रदान गरिने भएको छ।

अहिंसा, शान्ति, सद्भाव, सामाजिक न्याय र लोकतन्त्रका अथक योद्धा निधिको स्मृति एवं सम्मानमा महेन्द्रनारायण निधि स्मृति प्रतिष्ठानले दुई वर्षको पुरस्कार क्रमशः दाहाल र राकेशलाई प्रदान गर्ने निर्णय गरेको प्रतिष्ठानका अध्यक्ष प्रा पुरुषोत्तम दाहालले जानकारी दिएका हुन्। उक्त पुरस्कार राशि एक लाख रुपैयाँ नगद रहेको छ।

त्यसैगरी, एक लाख रुपैयाँ नगदको प्रेमसागरीदेवी निधिको सम्मानमा स्थापित प्रेमसागरीदेवी निधि पुरस्कार २०७६ बाट नेपालको लोकतान्त्रिक आन्दोलनमा निरन्तर क्रियाशील ज्ञानु प्रसाईंलाई सम्मानित गर्ने र विसं २०७७ को सो पुरस्कार काशीदेवी झालाई प्रदान गर्ने निर्णय भएको प्रतिष्ठानका अध्यक्ष दाहालले जानकारी गराए।

पुरस्कृत हुने व्यक्तित्व चयनका लागि डा विमल कोइरालाको संयोजकत्वमा डा दिनेश भट्टराई, डा कुमार कोइराला, दुर्गा घिमिरे र प्रा नवेन्द्र निधि सदस्य रहेको छनोट समिति गठन भएको थियो। उक्त समितिले गरेको चयनअनुरूप प्रतिष्ठानले निर्णय गरेको हो।

पुरस्कार निधिको १००औं जन्मजयन्तीका अवसर आगामी फागुन १४ गते आयोजना गरिने कार्यक्रममा प्रदान गरिने प्रतिष्ठानका संरक्षक एवं नेपाली काङ्ग्रेसका उपसभापति विमलेन्द्र निधिले बताए।

विसं १९७८ फागुन १३ मा जनकपुरको नगराइनमा जन्मिएका निधिको देहावसान २०५६ सालमा भएको थियो।

नेपालको इतिहासमा मधेस-तराई समुदायबाट राजनीति शुरू गरी राष्ट्रिय व्यक्तित्व बन्न सफल निधि प्रतिष्ठानका संरक्षक एवं नेपाली काङ्ग्रेसका उपसभापति विमलेन्द्र निधिका पिता हुन्।

## प्रदेश निजामती सेवासम्बन्धी विधेयक प्रदेश प्रमुखद्वारा प्रमाणीकरण

प्रस, जनकपुरधाम, २८ माघ/

प्रदेश २ मा निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा बनेको विधेयक प्रदेश प्रमुखद्वारा प्रमाणीकरण भएको छ।

प्रदेश नं २ का प्रदेश प्रमुख तिलक परियारले बुधवार उक्त विधेयक प्रमाणीकरण गरेका हुन्। उक्त विधेयक गत कात्तिक ३ गते प्रदेशसभाबाट पारित भएको थियो। विधेयक प्रमाणीकरण भएको प्रदेश प्रमुखको कार्यालयले जानकारी गराएको छ। प्रदेश प्रमुखको रूपमा परियारले पछिल्लोसहित १७ वटा विधेयक प्रमाणीकरण गरिसकेका छन्। प्रदेशमा हालसम्म प्रमाणीकरण भएका जम्मा विधेयकको सङ्ख्या भने ३९ पुगेको छ।

### फेरि पश्चिमी वायु.....

राजधानी काठमाडौंको उत्तरी क्षेत्रमा साँझपख हल्का वर्षाको सम्भावना रहेको मौसमविद् सापकोटाले बताए।

रातिको समयमा वाग्मती प्रदेश, गण्डकी प्रदेश, प्रदेश नं २ र प्रदेश नं १ मा आंशिक देखि सामान्य बदली रही बाँकी भेगमा आंशिक बदली रहनेछ। वाग्मती प्रदेश, गण्डकी प्रदेश, प्रदेश नं १ का पहाडी भेगका थोरै स्थानमा हल्का वर्षाको सम्भावना रहेको छ।

भोलि बिहीवार पहाडी भूभागमा आंशिक बदली रही बाँकी भेगमा मौसम सफा रहनेछ।

माघ ३० गते शुक्रवार पनि देशभर आंशिकदेखि सामान्य बदली रही उच्च पहाडी तथा हिमाली भूभागमा हल्का हिमपातको सम्भावना रहेको छ।

मौसम पूर्वानुमान महाशाखाको पछिल्लो विवरण अनुसार आज सबैभन्दा कम जिरीको न्यूनतम तापक्रम माइनस शून्य दशमलव ६ डिग्री र सबैभन्दा धेरै धरानको न्यूनतम तापक्रम १२ दशमलव २ डिग्री सेल्सियस रहेको छ।

**शीतलहरको समयमा चीसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ, त्यसैले-**

- न्यानो कपडाको जोहो समयमैं गरौं।
- शीतलहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घरबाहिर निस्कनुपरेमा वा धेरै समय बिताउनुपर्ने भएमा न्यानो कपडा लगाऔं।
- रातको समयमा सिरक, कम्बलजस्ता न्यानो ओढ्ने ओढौं। घरभित्र राति सुत्दा शरीर र अनिवार्यरूपमा छाती तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं, छाती र टाउकोलाई चीसोबाट जोगाउने कार्य गरौं।
- चीसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो खानेकुरा खाने बानीको विकास गरौं।

बौधीमाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सरमुजवा, रौतहट

### आजको राशिफल

| | |
|---|---|
| मेष — सफलता | वृष — अलमल |
| मिथुन — रोगभय | कर्कट — व्यापारवृद्धि |
| सिंह — अलमल | कन्या — कार्यनाश |
| तुला — उदरपीडा | वृश्चिक — राज्यलाभ |
| धनु — कान्तिक्षय | मकर — सुयश |
| कुम्भ — बेचैनी | मीन — मनोरञ्जन |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

**रानीघाट-पोखरिया बस समिति**

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याह्न १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसोः ३:४० बजे

# रेलमार्ग सरोकार समितिद्वारा नगरपालिकालाई ज्ञापनपत्र

प्रस, निजगढ, २८ माघ/

रेलमार्ग सरोकार समिति, निजगढले निजगढको पहिचान गुम्ने अवस्था उत्पन्न हुने देखिएकोले निजगढवासीले यसअघि कुनै पहल नभएकोले जनाइएको छ। आगामी दिनमा सर्भे गर्दा



समितिद्वारा उपप्रमुख लामिछाने र प्रमुख प्रशासकीय अधिकृत कार्कीलाई ज्ञापनपत्र बुझाउँदै। तस्वीरः प्रतीक

निजगढ नगरपालिकालाई मङ्गलवार ज्ञापनपत्र बुझाएको छ। उपप्रमुख लीलादेवी लामिछाने र प्रमुख प्रशासकीय अधिकृत सुमनकुमार कार्कीलाई संयुक्तरूपमा ज्ञापनपत्र बुझाइएको हो।

मेची–महाकाली रेलमार्गको डिपिआर तयार गर्न निजगढ–हेटौंडा–भरतपुर खण्डको सर्भे गर्ने क्रममा निजगढ नगरपालिका क्षेत्रभित्र घनाबस्ती, धार्मिक तथा ऐतिहासिक स्थल र उद्योगसहित खेतीयोग्य उर्वरभूमि विनाश हुनेगरी रेलमार्गको सर्भे गरिएपछि यस क्षेत्रका बासिन्दामा चिन्ता बढेसँगै स्थानीय नागरिकको भेलाले एक साताअघि रेलमार्ग पीडित सरोकार समिति गठन गरेको थियो।

रेल विभागले हाल गरिरहेको सर्भे अनुसार रेलमार्ग निर्माण हुने हो भने हुँदै गरेको सर्भे कार्य रोकेको ज्ञापनपत्रमा उल्लेख छ। यसअघि निजगढ नगरपालिकाको समन्वयमा नगरपालिकाको सभाहलमा प्रभावित क्षेत्रका सरोकारवाला, स्थानीय बासिन्दा, जनप्रतिनिधि, रेल विभागका सिनियर डिभिजन इन्जिनीयरसहितको प्राविधिक टोली, कर्मचारी र परामर्शदाताबीच भएको छलफलमा विभिन्न विकल्पमाथि छलफल गरी निजगढ नगरक्षेत्र विनाश नहुने गरी निजगढ नगरपालिकाको प्राविधिकसमेत सहभागी गराइ रेलमार्गको सर्भे गर्नुपर्ने सहमति भएको थियो।

सहभागी स्थानीय बासिन्दाले बकैया खोलापारि पश्चिम किनारबाट रेलमार्गको रेखाङ्कन गर्न स्पष्ट सुझाव दिएका थिए। तर सहमति अनुसार सम्बन्धित निकायबाट समन्वयको लागि हालसम्म सरोकारवालासँग पर्याप्त छलफल गरेर मात्र सर्भे गर्नुपर्ने अन्यथा सर्भेमा सृजना हुन सक्ने बाधा, अवरोधमा सम्बन्धित पक्ष नै जिम्मेवार हुनुपर्ने ज्ञापनपत्रमा उल्लेख गरिएको छ।

यता उपप्रमुख लीलादेवी लामिछानेले निजगढ नगरक्षेत्रका १३ वटै वडाका मानवबस्ती, खेतीयोग्य जमीनलगायत अन्य संरचना विनाश गरेर रेलमार्ग लैजान नहुने पक्षमा आफू पनि रहँदै आएको सरोकार समितिलाई बताएकी छन्।

सरोकार समितिका संयोजक जीतलाल श्रेष्ठ र सहसंयोजक विष्णु खड्काद्वारा हस्ताक्षरित ज्ञापनपत्र सरोकार समितिले जिल्ला प्रशासन कार्यालय बारा र रेल विभाग काठमाडौंमा पनि बुझाउने जनाएको छ।

# खेलकूदको संसार

## प्रथम पटेर्वासुगौली गोल्डकपको उपाधि वीरगंज युनिटीलाई

प्रस, सेढवा, २८ माघ/

प्रथम पटेर्वासुगौली गोल्डकप प्रतियोगिताको उपाधि वीरगंज युनिटीले पाएको छ। बुधवार सम्पन्न फाइनल खेलमा गढीमाई युथ क्लब अपौनीलाई १ का विरुद्ध २ गोल गर्दै वीरगंज युनिटीले उपाधि जितेको हो। उपाधि जिताउन वीरगंज

तस्वीरः प्रतीक




युनिटीका सरोज तामाङले खेल शुरू भएको ५ मिनेटमैं पहिलो गोल गरेका थिए भने खेल समाप्त हुन ११ मिनेट बाँकी छँदा विमल रानामगरले अर्को गोल गरेका थिए।

फाइनल खेलमा अपौनीले मध्यान्तरपछि फ्री किक पाएको र त्यसलाई एलेक्सले गोलमा परिणत गरेका थिए। अपौनीतर्फबाट यही एउटा गोल भयो। फाइनलका विजेता वीरगंज युनिटीलाई पटेर्वासुगौली गापाका प्रमुख हरिनारायण चौधरीले नगद रु २ लाख नगद, शिल्ड, मेडल र प्रमाणपत्र प्रदान गरेका थिए।

यसैगरी, उपविजेता अपौनीलाई रु १ लाख नगद, शिल्ड, मेडल र प्रमाणपत्र प्रमुख चौधरीले वितरण गरे। आजको खेलमा पहिलो गोल गरेका सरोज तामाङलाई गापाका कार्यपालिका सदस्य विपिन मुखियाले रु ५ हजार नगद प्रदान गरे। पहिलो गोल गर्नेलाई उनले सो रकम दिने घोषणा गरेका थिए। आजको खेलको म्यान अफ द म्याच वीरगंज युनिटीका सुरज ठकुरी घोषित भए।




यसैगरी, प्रतियोगिताको म्यान अफ द सिरिज वीरगंज युनिटीका विमल रानामगर घोषित भए। त्यस्तै, उत्कृष्ट मिडफिल्डर अपौनीका राधेश्याम महतो, उत्कृष्ट गोलकीपर युनिटीका सरोज तामाङ, उत्कृष्ट डिफेन्डर युनिटीका अनिल पटेल, उत्कृष्ट स्ट्राइकर युनिटीका सन्त गुरुङ, प्रतियोगितामा सबैभन्दा बढी गोल गर्ने अपौनीका अब्दुल्लाह, उत्कृष्ट कोच युनिटीका सुलभ राणालाई कार्यक्रमका प्रमुख अतिथि गापा प्रमुख चौधरीले पुरस्कृत गरेका थिए। कार्यक्रम समता समाज नेपालका अध्यक्ष मधुकान्त चौधरीको अध्यक्षतामा भएको थियो।

# आगलागीबाट रु ५ लाखभन्दा बढीको क्षति

प्रस, सप्तरी, २८ माघ/

सप्तरीको राजगढ गाउँपालिका–५ स्थित धौनकी टोलमा आगलागी हुँदा चारवटा घर जलेर नष्ट भएको छ। बुधवार बिहान स्थानीय सहदेव मण्डलको गाईको गोठमा बालिएको घुरबाट अचानक सल्किएको आगोबाट पाँच लाख रुपैयाँभन्दा बढीको क्षति भएको पीडित पक्षले जनाएको हो।

आगोबाट मण्डलको गाई गोठका साथै छिमेकीहरू शिवकुमार मण्डल, सुवंश मण्डल र कपलेश्वर मण्डलको १–१ वटा घर जलेर नष्ट भएको प्रहरीले जनाएको छ। अचानक भएको आगलागीमा परी सहदेवको भैंसी जलेर मरेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ। शिवकुमारको करीब २५ मन धानसमेत जलेर खरानी भएको स्थानीयवासीले बताएका छन्। राजविराज नगरपालिकाबाट गएको वारुणयन्त्र, प्रहरी र स्थानीय बासिन्दाको सहयोगमा आगो नियन्त्रण गरिएको थियो थियो।

## बकैयामा ल्होसारको तीन दिन बिदा


प्रस, मकवानपुर, २८ माघ/

मकवानपुरको बकैया गाउँपालिकाले सोनाम ल्होसार पर्वमा तीन दिन सार्वजनिक बिदा दिने निर्णय गरेको छ। गाउँ कार्यपालिकाको बैठकले ल्होसार पर्वको अवसरमा माघ २८ देखि र ३० गतेसम्म सार्वजनिक बिदा दिने निर्णय गरेको प्रमुख प्रशासकीय अधिकृत लक्ष्मण पुडासैनीले जानकारी दिएका हुन्।

सोनाम ल्होसारलाई तामाङ, ह्योल्मोलगायतका समुदायले नयाँ वर्षको रूपमा धूमधामका साथ मनाउने गरेका छन्। यस वर्ष ल्होसार माघ ३० गते शुक्रवार परेको छ। सो दिन सङ्घीय सरकारले पनि एक दिन सार्वजनिक बिदा दिने निर्णय गरेको छ।

### आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारी आएन | | |




# महीनावारी स्वच्छता सामग्री वितरण

प्रस, वीरगंज, २८ माघ/

स्ट्रिट चाइल्ड नेपालको आर्थिक सहयोगमा आसमान नेपाल र जवात संस्थाले प्रदेश २ का चार जिल्लामा स्वच्छता तथा महीनावारी स्वच्छता सामग्री वितरण गर्दै आएको आसमान नेपालका इमर्जेन्सी रेस्पोन्स अफिसर धर्मेन्द्र चौरसियाले बताए।

पर्सा जिल्लाको पकाहामैनपुर, कालिकामाई, पोखरिया, पर्सागढी नगरपालिकामा यो कार्यक्रम सञ्चालन भइरहेको र महीनावारी स्वच्छता सामग्री ७२२ परिवारमा वितरण गर्ने लक्ष्य रहेको उनले बताए। पकाहामैनपुरको चारवटा वडा, कालिकामाईको तीनवटा वडा, पोखरिया नगरपालिकाको पाँचवटा वडामा यो कार्यक्रम सञ्चालनमा रहेको उनले बताए।

यो सकिएलगत्तै पर्सागढीमा कार्यक्रम

तस्वीरः प्रतीक




आयोजना गरिनेछ। अहिलेसम्म २२७ जनालाई स्वच्छता सामग्री र २०७ जनालाई महीनावारी स्वच्छता सामग्री वितरण भइसकेको छ। महीनावारी स्वच्छता सामग्रीमा १५ वटा प्याड, एउटा तौलिया, बाल्टिन, नुहाउने–लुगाधुने १६ वटा साबुन रहेको छ भने स्वच्छता सामग्रीमा नुहाउने–लुगाधुने १७ वटा साबुन, बाल्टिन, शौचालय ब्रस, फेनाइल र ६ वटा घरेलु मास्क छन्।

आसमान नेपालका कार्यक्रम संयोजक जमुना श्रेष्ठले कोरोना सङ्क्रमणको कारण दलित समुदाय स्वच्छता अपनाउने कार्यबाट वञ्चित हुन सक्ने ठहर गर्दै मुसहर, डोम, तत्वा जातलाई यो सामग्री उपलब्ध गराइएको बताइन्।

जवातका शिवनाथ यादवले प्रदेश २ का पर्सा, बारा, रौतहट, सर्लाहीमा आसमान नेपाल र जवातको सहकार्यमा कार्यक्रम भइरहेको बताए। उनले स्वच्छता सामग्री वितरण कार्यक्रम सकिएलगत्तै पकाहामैनपुर गापा र पर्सागढी नगरपालिकाका मुसहर, डोम, तत्वा जातका ५ सय परिवारलाई राहत वितरण गर्ने कार्यक्रम रहेको जानकारी गराएका छन्।

# स्वास्थ्य बीमासम्बन्धी अभिमुखीकरण

प्रस, सिम्रौनगढ, २८ माघ/

सिम्रौनगढ नगरपालिकाका

तस्वीरः प्रतीक



जनप्रतिनिधि र सरोकारवालाहरूलाई स्वास्थ्य बीमासम्बन्धी अभिमुखीकरण प्रशिक्षण दिइएको छ।

बीमा बोर्ड प्रदेश २ का प्रमुख रमेन्द्रप्रसाद कुशवाहा, स्वास्थ्य बीमा बोर्ड पर्साका हरिशप्रसाद पन्तले स्वास्थ्य सेवाको खर्चलाई कम गर्न स्वास्थ्य बीमा सहायक भइरहेको बताए। उनीहरूले स्वास्थ्य समस्याको कारणले हुन सक्ने आर्थिक जोखिमलाई न्यूनीकरण गर्ने उद्देश्यले स्वास्थ्य बीमा कार्यक्रम सरकारले ल्याएको बताए।

अभिमुखीकरण कार्यक्रममा उनीहरूले बीमाबारे विविध विषयमा जानकारी दिएर त्यसको विशेषता र उपलब्धिको गणना गराएका थिए।

नगरप्रमुख विजयशङ्कर यादवको अध्यक्षतामा भएको कार्यक्रममा उपप्रमुख रीमादेवी कुशवाहा, प्रमुख प्रशासकीय अधिकृत हरिओमप्रसाद जैसवाल, वडाध्यक्ष, कार्यपालिका सदस्य, स्वास्थ्य सेवा शाखाका प्रमुख राजेन्द्रप्रसाद साह, डा जीतेन्द्र यादव, नगरप्रहरी प्रमुख रवीन्द्र यादव, शिक्षा संयोजक नुराजम सिद्धिकीलगायतको सहभागिता थियो। कार्यक्रमको सहजीकरण नायब सुब्बा राजीव यादवले गरेका थिए।

## श्री चण्डी प्रसाद गण श्रीपुर ब्यारेक, पर्सा

### विद्युतीय बोलपत्र (e-GP) सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

सूचना नं. NA/CPB/Maintainence/077/78/02

***प्रथमपटक प्रकाशित मितिः २०७७/१०/२९ गते***

१. आव २०७७/७८ मा यस गणका विभिन्न ब्यारेक घरहरूको मरम्मत गर्नुपर्ने भएकोले विद्युतीय बोलपत्र (e-GP System) द्वारा नेपाल सरकारबाट सम्बन्धित कामको इजाजतप्राप्त इच्छुक योग्य बोलपत्रदाताहरूको लागि यो बोलपत्र आह्वान गरिएको छ। साथै विस्तृत जानकारीको लागि https://bolpatra.gov.np/egp हेर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। "विद्युतीय खरीद प्रणाली सञ्चालन निर्देशिका २०७४" अनुसार https:/bolpatra.gov.np/egpl सिस्टमबाट बिड गर्नुपर्नेछ। थप जानकारीको लागि फोन नं. ०५१–५२८०३४।

२. बोलपत्रको विवरणः निर्मित सार्वजनिक सम्पत्तिको मरम्मत सम्भार मूअकरसहितको लागत अनुमान रु ९,००,०००।००, बैंक जमानत रकम रु २०,०००।००, बोलपत्र दस्तुर रु १,०००।००